स्थानीय सरकारको प्रथम कार्यकाल

मेलम्ची नगरपालिका

मेलम्ची नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

फोन नं.: ०११-४०११४१, ०११-४०११४२

इमेलः dms.melamchimun@gmail.com वेवसाइटः www.melamchimun.gov.np

MELAMCHI MUNICIPALITY



प्रकाशक

मेलम्ची नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

संरक्षक

डम्बर बहादुर अर्याल (नगर प्रमुख)

भगवती नेपाल (नगर उपप्रमुख)

सल्लाहकार

अमृत कुमार धिताल

प्रमुख प्रशासकीय अधिकृत

रवि प्रसाद शर्मा

प्रमुख शिक्षा अधिकृत

सम्पादन तथा प्रकाशन समिति

लेखा अधिकृत, मुरारी पुडासैनी- संयोजक

सूचना प्रविधि अधिकृत, अर्पना श्रेष्ठ- सदस्य

कम्प्युटर अपरेटर, जयराम घोरासैनी - सदस्य

सहायक चौथो, प्रेरणा पराजुली - सदस्य

ना.सु., राजेन्द्र दुलाल- सदस्य सचिव

डिजाइन/ले आउट/मुद्रण

सेवा अफ्सेट प्रेस

चौतारा, सिन्धुपाल्चोक

प्रकाशन मिति

वि.सं. २०७९, बैशाख

प्रकाशकीय.....

नेपालको संविधान, २०७२ को धारा ५७ मा राज्य शक्तिको बाँडफाँड संघ, प्रदेश र स्थानीय तहमा गरिएको छ । नेपालको संविधानको अनुसूची ८ मा उल्लिखित एकल अधिकार सूची र अनुसूची ९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूची अन्तर्गत स्थानीय तहले गर्ने कार्यहरू र स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था गरिएका काम, कर्तव्य र अधिकारको कार्यान्वयन गर्ने क्रममा नेपालको संघीय संरचना पश्चात मेलम्ची नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरूको प्रथम कार्यकालमा सम्पादन गरिएका र कार्यान्वयनको चरणमा रहेका मुख्य मुख्य कार्यहरूको संगालोलाई यस प्रकाशनमा समावेश गरिएको छ । यस प्रतिवेदनमा समावेश गरिएका सामाग्रीहरूबाट सम्पूर्ण नगरवासी, सरोकारवाला पक्ष र आम नागरिकहरूमा समृद्ध नगर निर्माणका लागि जनप्रतिनिधिहरूले गरेका कार्यहरूको तथ्यगत र सही सूचना सम्बन्धित सरोकारवाला निकाय र आम नागरिकहरूमा सम्प्रेषण हुने विश्वास लिइएको छ ।

"**स्थानीय सरकारको प्रथम कार्यकाल**" नामक यस प्रकाशनलाई प्रतिवेदनको रूपमा तयार गर्नको लागि सामाग्री तथा सूचना एवं सहयोग प्रदान गरी आ-आफ्नो तर्फबाट महत्वपूर्ण योगदान पुऱ्याउनु हुने मेलम्ची नगरपालिकाका नगर प्रमुखज्यू, उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, वडा सदस्यज्यूहरू, शाखा प्रमुखहरू, सबै वडाका वडा सचिवज्यूहरू र नगरपालिकाका सम्पूर्ण कर्मचारीहरू एवं प्रतिवेदन निर्माणको कार्यमा सहयोग पुऱ्याउनु हुने रेडियो मेलम्चीका संचारकर्मीहरू प्रति समेत कृतज्ञता व्यक्त गर्दछौं ।

प्रतिवेदनमा समावेश गरिएका सूचना तथा तथ्याङ्कहरू नीति निर्माता, अध्ययनकर्ता र स्थानीय सरकारसंग सरोकार राख्ने सबै व्यक्ति तथा संघ संस्थाहरूलाई उपयोगी हुनेछ भन्ने पूर्ण विश्वास गरिएको छ । यस प्रतिवेदनलाई पाठक र सरोकारवालाहरूको सुझावको आधारमा अध्यावधिक गर्दै लैजाने भएकोले सम्बद्ध सबै पक्षबाट रचनात्मक सुझावको अपेक्षा गर्दछौं ।

धन्यवाद ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

शुभकामना मन्तव्य

संघीयता र मुलुकको पुनर्संरचना पछि पहिलो स्थानीय तहको निर्वाचनमा हामी जनताका प्रतिनिधिको रूपमा यस नगरपालिकामा रहेका छौं । हामी निर्वाचित भए पश्चात आ.व. २०७४/०७५ देखि आ.व. २०७८/०७९ को हालसम्मको अवधिसम्म हाम्रो नेतृत्वमा नगरपालिका भित्र सम्पादन गरेका महत्वपूर्ण कार्यहरू, नगरपालिकाको आर्थिक, सामाजिक, शैक्षिक, भौतिक पूर्वाधार र नगरको विकास निर्माणको वस्तुगत अवस्था झल्कने गरी तयार पारिएको "**स्थानीय सरकारको प्रथम कार्यकाल**" नामक प्रगति प्रतिवेदन प्रकाशन गर्न पाउँदा मलाई खुशी लागेको छ ।

स्थानीय तहको निर्वाचन भएको झण्डै पाँच वर्ष पूरा हुन लागेको छ। यस अवधिमा हामीले नगरवासीहरूसंग गरेको बाचाहरूलाई धेरै भन्दा धेरै सम्बोधन गर्ने प्रयाश गरेका छौं । नगरको दीगो विकास गर्नको लागि हाम्रो काँधमा आएको जिम्मेवारीलाई हामीले मन, वचन र कर्मले ईमान्दारिता पूर्वक पूरा गरेका छौं । नगरको दीगो विकासका लागि अझै धेरै जनताको जीवनसंग जोडिएका विकास निर्माणका कार्यहरू गर्न बाँकी नै छ ।नगरमा प्राप्त भएको श्रोत र साधनलाई मितव्ययी र पारदर्शी ढंगबाट परिचालन गरी नगरलाई सुन्दर र समृद्ध बनाउँन प्रयत्नरत रहँदा विगत दुई वर्ष देखि विश्व महामारीको रूपमा फैलिएको कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचार गर्नको लागि हामी दिनरात खटि नगरवासीहरूको जीवन रक्षा गर्नको लागि हामीले महतवपूर्ण भूमिका निर्वाह गरेका छौं । कोभिड-१९ को महामारी एकातिर छदै थियो, अर्को तर्फ हामी सामु मेलम्ची तथा ईन्द्रावती नदीको बाढी झन चुनौतीको रूपमा खडा भयो ।

वि.सं. २०७८ साल असार १ गते र त्यसपछि मेलम्ची र ईन्द्रावती नदीमा निरन्तर रूपमा आएको भिषण बाढीबाट नगरपालिकाबाट निर्माण सम्पन्न गरिएका र निर्माणाधिन अवस्थामा रहेका मेलम्ची सिटी पार्क, मेलम्ची बस पार्क, फोहोरमैला व्यवस्थापन केन्द्र भवन, सामुहिक कृषि खेती स्थल, आयुर्वेद औषधालय भवन, कृषि विकास शाखा भवन, उद्योग ग्राम लगायतका संरचनाहरू पूर्ण रूपमा क्षति भए भने यस अघि निर्माण गरिएका पक्की मोटरेबल पुल, झोलुङ्गे पुल, कबर्ड हल लगायतका भौतिक संरचनाहरू र मेलम्ची र ईन्द्रावती नदी किनारमा रहेका नगरवासीहरूका हजारौं रोपनी जग्गा, जमिन र घर बस्तीमा समेत ठूलो क्षति पुग्यो ।बाढीबाट भएको क्षतिलाई न्यूनिकरण गरी बाँकी रहेका सार्वजनिक संरचनाको संरक्षण, मेलम्ची बजार, तालामाराङ बजार लगायतका बजार क्षेत्रको संरक्षण र नगरवासीहरूको निजी सम्पत्तिको संरक्षण गर्नको लागि हामीले नदीलाई पुरानो धारमा लैजनाको लागि हर प्रयत्न गर्यौं ।बाढीपीडित नगरवासीहरूलाई अल्पकालीन नगद तथा जिन्सी राहत व्यवस्थापनका साथै बाढीपीडितहरूको स्थायी आवास निर्माण गर्न लाभग्राही कायम गर्ने कार्य गरेका छौं । कोभिड-१९ र बाढीबाट भएको यस दुःखद परिस्थितिमा हामीलाई असाध्यै पिडाबोध भएको छ ।

हाम्रो सामु खडा भएको कोभिड-१९ र मेलम्ची बाढीको महाविपद्को अवस्थामा समेत यस अवधिमा मेलम्ची नगर भित्रका सडकहरूको निर्माण तथा स्तरोन्नती, आधुनिक कृषि उपकरणहरूको वितरण, नगरपालिका तथा वडा कार्यालयका प्रशासनिक भवनहरूको निर्माण, नगर अस्पताल निर्माणको थालनी, एक घर एक धारा खानेपानी निर्माणका साथै सिंचाई, शिक्षा, स्वास्थ्य, खेलकुद, महिला बालबालिका तथा ज्येष्ठ नागरिक लगायतका क्षेत्रमा महत्वपूर्ण कार्य गरेका छौं । यस कार्यले नगर भित्रको विकास निर्माण र जनताको जिवनस्तरमा केही हदसम्म परिवर्तन भएको महशुस भएको छ ।

अन्त्यमा, हामी जनप्रतिनिधिको प्रथम कार्यकालमा हामीले गरेका विकास निर्माणसंग सम्बन्धित विषयहरूलाई समेटेर प्रतिवेदन तयार गर्न सहयोग गर्नुहुने नगरपालिकाका सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(डम्बर बहादुर अर्याल)
नगर प्रमुख

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

शुभकामना मन्तव्य

मेलम्ची नगरपालिकाको जनप्रतिनिधिको रूपमा हामी निर्वाचित भएको पाँच वर्ष पुग्न लागेको छ। हामी यस नगरपालिकामा जनप्रतिनिधिको रूपमा निर्वाचित भएको पाँच वर्षको अवधिमा हामीले निर्माण गरेका विकास निर्माणका कार्यहरू र हामीले तयार पारेका भवी योजनाहरूको खाका सहितको "**स्थानीय सरकारको प्रथम कार्यकाल**" नामक प्रतिवेदन प्रकाशन गर्न लागेकोमा मलाई धेरै खुशी लागेको छ।

स्थानीय तहको निर्वाचन पश्चात मेलम्ची नगरपालिकाबाट सम्पादन हुने कार्यहरूलाई पारदर्शी र मितव्ययी बनाई स्थानीय जनतालाई नै सर्वोपरी ठानी नगरपालिकाको काम कारवाहीहरू अगाडि बढाइएको छ। मेलम्ची नगरपालिकालाई जिल्लाकै समृद्ध नगरपालिका निर्माण गर्ने उद्देश्यले कृषि, पर्यटन, उद्योग र जलाधारलाई विकासको चार खम्मे नीतिको रूपमा अंगिकार गरी अगाडि बढाइएको हो। सोही नीति र मार्गदर्शनको परिधि भित्र रही जनताको आवश्यकता अनुसारका विकास निर्माणका कार्यक्रमहरूलाई प्रथमिकतामा राखी कार्य गरिएको छ।

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ र वि.सं.२०७८ साल असार १ गते र त्यसपछि लगातार मेलम्ची र ईन्द्रावती नदीमा आएको बाढी पहिरोबाट नगरवासीहरूमा एउटा ठूलो संकट उत्पन्न भयो। ईन्द्रावती तथा मेलम्ची नदी तटिय क्षेत्रका सार्वजनिक संरचना, व्यक्तिका निजी सम्पत्ति घर, जग्गा जमिन लगायत हामीले निर्माण गरेका धेरै संरचनाहरू पूर्ण रूपमा क्षति भए। यो हाम्रो कार्यकालको दुःखद र कहालीलाग्दो घटना बन्न पुग्यो। यो विपद्को घडीमा हामीले अल्पकालिन राहत व्यवस्थापन गर्नुको साथै नगरवासीको जोखिमयुक्त घर जग्गा जमिन र बाँकी रहेका सार्वजनिक संरचना संरक्षणका लागि महत्वपूर्ण कार्य गर्यौं।

मेलम्ची नगरपालिकाले आ.व. २०७४/०७५ देखि हालसम्म सम्पादन गरेका प्रमुख कार्यहरूलाई संक्षिप्त रूपमा यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ। यो प्रतिवेदनबाट सम्पूर्ण नगरवासी र इच्छुक अध्ययनकर्ताहरूले नगरको काम कारवाहीहरूलाई शुक्ष्म ढंगले अध्ययन गर्ने अवसर प्राप्त गर्नुहुनेछ भने यो प्रगति प्रतिवेदन नगरको भावी योजनाको प्रारूप निर्धारण गर्ने र दीगो विकास निर्माण गर्ने योजना दस्तावेजको रूपमा रहनेछ । यस प्रतिवेदनमा नगरपालिका र अन्तर्गत वडा कार्यालयहरूबाट हाम्रो कार्यकालमा सम्पादन गरेका मुख्य मुख्य कार्यहरूलाई समेट्ने प्रयास गरिएको छ।

अन्त्यमा, यो प्रगति प्रतिवेदन प्रकाशनको लागि अहोरात्र खट्नुहुने कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु। आगामी दिनमा नगरबाट भएका कमी कमजोरीहरूलाई सुधार गर्दै समृद्ध नगरपालिका निर्माणको लागि रचनात्मक भूमिका निर्वाह गरी आवश्यक सहयोग र सल्लाह प्रदान गर्नको लागि सबै राजनैतिक दल र नगरवासीहरसंग पूर्ण अपेक्षा गर्दछु।

(भगवती नेपाल)
उप्रमुख

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

शुभकामना मन्तव्य

विगत लामो समयसम्मको जनप्रतिनिधि बिहिनताको अवस्था र राज्यको पुनर्सरचना पश्चात भएको स्थानीय तहको निर्वाचनबाट यस मेलम्ची नगरपालिकामा निर्वाचित हुनु भएका जनप्रतिनिधिहरूको प्रथम कार्यकालको अवधि झण्डै पाँच वर्ष पूरा हुन लागेको छ। पाँच वर्षको अवधिमा यस नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरूको सोचबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरूलाई समेटेर "**स्थानीय सरकारको प्रथम कार्यकाल**" नामक प्रगति प्रतिवेदन प्रकाशन गर्न पाउँदा मलाई खुशी लागेको छ।

विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) संक्रमण र मिति २०७८ साल असार १ गते र त्यसपछि लगातार ईन्द्रावती र मेलम्ची नदीमा आएको बाढीले हामीलाई विकास निर्माणमा ठूलो चुनौती खडा गरिदियो। हामीले जनप्रतिनिधिको प्रथम कार्यकालमा निर्माण गरेका सडक, मेलम्ची सिटी पार्क, फोहोरमैला व्यवस्थापन केन्द्र, खेलकुद मैदान, प्रदेश स्तरीय कबर्ड हल, सरकारी भवन, पक्की मोटर पुल लगायत सरकारी तथा सार्वजनिक संरचनाहरू नष्ट भएका छन् भने नगरवासीको घर, जग्गा जमिनमा अकल्पनीय क्षति पुर्याएको छ।

यस विषम् परिस्थितमा बाढीबाट पीडित व्यक्तिहरूको लागि हामीले अल्पकालीन राहत व्यवस्थापनका कार्यहरू गर्नुको साथै बाढी प्रभावित व्यक्ति तथा बजार क्षेत्रका घर बस्ती संरक्षण गर्न नगरपालिका, सुरक्षा निकाय, स्थानीय बासिन्दाहरू लगायतको सहयोग र समन्वयमा धेरै कार्यहरू गरिएको छ। यस कार्यमा सहयोग गर्नुहुने सम्पूर्णमा म हृदय देखि हार्दिक आभार प्रकट गर्दछु।

जनप्रतिनिधिको प्रथम कार्यकालको यस पाँच वर्षको अवधिमा नगरपालिका तथा वडा कार्यालयहरूबाट सम्पादन भएका प्रमुख कार्यहरूलाई यस प्रगति प्रतिवेदनमा समावेश गर्ने प्रयास गरिएको छ। यस प्रतिवेदनमा प्रस्तुत गरिएका सूचना तथा तथ्याङ्कहरूले मेलम्ची नगरपालिकाको समग्र विकास निर्माण र नगरबाट भए गरेका काम कारवाहीहरूको अवस्था कस्तो रहृयो भन्ने बारेमा जानकारी प्रदान गर्न र आगामी जनप्रतिनिधिको नयाँ कार्यकालमा एक सन्दर्भ सामाग्रीको रूपमा प्रयोग हुने अपेक्षा गर्दछु।

अन्त्यमा, आ.व. २०७४/७५ देखि हालसम्म भए गरेका विकास निर्माणका कार्यहरूलाई समेटेर यो प्रगति प्रतिवेदन प्रकाशन गर्न सहयोग गर्नुहुने नगरपालिकाका सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

(अमृतकुमार धिताल)
प्रमुख प्रशासकीय अधिकृत

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
१ नं. वडा कार्यालय
भोटेचौर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

शुभकामना मन्तव्य

नेपालको संविधान, २०७२ मा भएको व्यवस्था बमोजिम राज्यको पुनर्संरचना पश्चात तीन तहको सरकारको व्यवस्था भए अनुसार स्थानीय तहमा निर्वाचित हामी जनप्रतिनिधिहरूको पाँच वर्षे कार्यकाल पूरा हुनै लागेको छ । यस अविधिमा भए गरेका कार्यहरूको समीक्षा सहित मेलम्ची नगरपालिकाले प्रगति प्रतिवेदन प्रकाशन गर्न लागेकोमा मलाई गौरव लागेको छ । पाँच वर्षिय कार्यकालमा वडा सहित नगरपालिकाले गरेका मुख्य मुख्य भौतिक कार्य तथा अन्य कार्यहरूको प्रगति विवरण र भावी कार्यक्रमहरू के कस्ता हुँदा नगरको समग्र विकास हुन्छ भन्ने विषयवस्तुहरू प्रतिवेदनको माध्यमबाट सर्वसाधारणलाई जानकारी गराउँनु यो महत्वपूर्ण कार्य हो ।

विकासको पूर्वाधार बिना नै नगरपालिका घोषणा भएकोले यस कार्यकालमा भए गरेका सबै कार्यहरू पूर्वाधार निर्माणसंग सम्बन्धित छन् । नगरपालिका भवन निर्माण, वडा कार्यालयका भवनहरू निर्माण, नयाँ सडक ट्र्याक निर्माण, मुख्य सडकहरूको स्तरोन्नती लगायतका अन्य भौतिक संरचनाहरू हाम्रै कार्यकालमा केही सम्पन्न भएका छन् भने केही योजनाहरू निर्माणाधिन अवस्थामा रहेका छन् । हाम्रो कार्यकाल संघियता पछिको शुरूको कार्यकाल भएकोले विभिन्न ऐन कानूनहरूको निर्माण गर्नुपर्ने दायित्व हामी माथि सिर्जना भएको थियो र हामीले यस कार्यकालमा आवश्यक कानूनहरूको निर्माण गर्यौं ।अधिकांश समय ऐन कानूनहरू निर्माण गर्नमा नै खर्च भएको छ । नगरपालिका तथा वडा कार्यालयहरूमा स्वीकृत दरबन्दी अनुसारका कर्मचारीहरूको पदपूर्ती अझै भै नसकेको हुँदा नागरिकहरूको प्रभावकारी सेवा प्रवाह र सुशासनमा असुविधा उत्पन्न भएको छ । आमा नगरवासीहरूको विकास प्रतिको धारणा भौतिक विकास मात्र हो भन्ने रहेकोले भौतिक विकासलाई दीगो बनाउँन समुदायको सक्रियता तर्फ कोही कसैको ध्यान जान सकेको छैन । तै पनि मेलम्ची नगरको समग्र दीगो विकास तथा सुशासनलाई ध्यानमा राखी समाजको सकारात्मक परिवर्तनको लागि चेतनाको विकासको साथ साथै भौतिक एवं आर्थिक विकास गर्ने गराउने लक्ष्य सहित समुदायको परिचालन दीगो विकास, सामाजिक न्याय, आर्थिक समृद्धि, प्रविधिमैत्री सेवा, लक्षित वर्ग उन्मुख कार्यक्रमहरू संचालन गरी समतामुलक समाज निर्माण गर्ने, बिकृती बिसंगतीको अन्त्य गर्दै सभ्य एवं अनुशासित गाउँ, टोल, समाज बनाउँन हामीले "आफ्नो गाउँ आफैं बनाऔं" विशेष कार्यक्रम को शुरूवात गरेका छौं । यस कार्यक्रमलाई पूर्ण रूपमा लागु गर्न अझै सकिएको छैन । यस कार्यक्रमले समाजलाई बलियो, एकताबद्ध र जवाफदेही बनाउँने र सामाजिक परिचालनको माध्यमबाट समग्र गाउँ, समाज तथा देशको विकासको आधार निर्माण हुन्छ भन्ने विश्वास राखिएको छ । यस्ता खालका विशेष कार्यक्रमहरूलाई भावी दिनहरूमा अझ परिस्कृतका साथ लागु गर्न सकिएमा समग्र विकास निर्माणमा सकरात्मक प्रभाव पर्न सक्दछ ।

अन्त्यमा, हामी जनप्रतिनिधिको प्रथम कार्यकालमा निर्माण गरिएका विकाससंग सम्बन्धित विषयवस्तुहरूलाई एक महत्वपूर्ण संगालोको रूपमा प्रगति प्रतिवेदन प्रकाशन गर्नको लागि महत्वपूर्ण योगदान पुर्याउनुहुने सबै प्रति हार्दिक आभार व्यक्त गर्दछु । धन्यवाद ।

(कृष्णप्रसाद चौलागाई)
वडा अध्यक्ष

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
२ नं. वडा कार्यालय
जैसीगाउँ, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

शुभकामना मन्तव्य

संघीयता पछि मेलम्ची नगरपालिकाका निर्वाचित हामी जनप्रतिनिधिहरूको प्रथम कार्यकालमा भए गरेका कार्यहरूको प्रगति प्रतिवेदनको रूपमा संघीयता पश्चात हामी जनप्रतिनिधको प्रथम कार्यकाल नामक प्रगति प्रतिवेदन प्रकाशन हुन लागेकोमा मलाई खुसी लागेको छ। संघीय लोकतान्त्रिक स्थापना भएपछि पहिलो कार्यकालमा हामी वडा समितिका निर्वाचित भई आउँदा वि.सं.२०७२ सालको विनाशकारी भूकम्पवाट क्षतिग्रस्त भएका वडावासीका निजी आवास, सरकारी संरचना र विद्यालय भवन निर्माण हुन नसकी जिर्ण अवस्थामा रहेको थियो। भुकम्पवाट प्रभावितहरूको स्थायी आवास पुननिर्माणलाई पहिलो प्राथमिकतामा राखी मोटरवाटो लगायतका भौतिक संरचनाको विकास तथा कार्यहरूमा वडा समितिको सक्रियतामा हामीले मेलम्ची नगरपालिका वडा नं. २ मा ९५ प्रतिशत घरहरूको पुननिर्माण कार्य सम्पन्न गरेका छौ।

हामी जनप्रतिनिधिको रूपमा निर्वाचित भए पश्चात वि.सं. २०७४ सालमा अस्थायी वडा कार्यालय भवन जाल्पादेवी माध्यामिक विद्यालयको २ कोठे भवनमा संचालन भएको थियो। त्यस पश्चात मेलम्ची नगरपालिका कार्यालयवाट भवन निर्माणको लागि वजेट व्यवस्था भए वमोजिम आ.व. २०७७/०७८ मा चार तलाको १४ कोठे भवन निर्माण कार्य सम्पन भई मिति २०७७ साल फागुन २१ गते नगर प्रमुख श्री डम्वर वहादुर अर्यालज्यू र नगर उप प्रमुख श्री भगवती नेपालज्यूवाट संयुक्त रूपमा उद्घाटन भई नयाँ वडा कार्यालय वाट सेवा संचालन भईरहेको व्यहोरा अवगतै छ।

हामी निर्वाचित हुनु भन्दा अगाडि बाह्रै महिना यातायात संचालन हुने मोटर बाटो थिएनन्। हामी निर्वाचित भए पश्चात हामीले विभिन्न स्थानमा यातायात संचालन हुने सडकको रूपमा स्तरोन्नती गरेका छौ। हाम्रो कार्यकालमा वडा कार्यालय अन्तर्गत विभिन्न स्थानमा सडक, बाटो, स्वास्थ्य इकाई भवन निर्माण र कोभिड १९ को महामारी नियन्त्रण खोप केन्द्र समुदायस्तरमा पुऱ्याएको र राहत वितरण समेत उपलव्ध गराइएको छ।

अन्तमा, यो प्रगति प्रतिवेदन प्रकाशन गर्नमा सहयोग पुर्याउँने नगरपालिका तथा यस वडाका सम्पूर्ण कर्मचारीहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

(सन्तबहादुर तमाङ)
वडा अध्यक्ष

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
३ नं. वडा कार्यालय
हैबुङ, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

शुभकामना मन्तव्य

मेलम्ची नगरपालिकाको निर्वाचन भई हामी जनप्रतिनिधिको पाँच वर्षको कार्यकाल सम्पन्न हुदै गर्दा हाम्रो कार्यकालमा हामीले सम्पन्न गरेका विकास निर्माणका कामहरू र निर्वाचन हुनु भन्दा अगाडिको समग्र अवस्था र निर्वाचन पश्चात सम्पन्न गरेका कार्यहरूलाई समेटेर "**स्थानीय सरकारको प्रथम कार्यकाल**" नामक प्रगति प्रतिवेदन प्रकशन गर्न पाउदा मलाई धरै खुसि लागेको छ ।

स्थानीय तहको निर्वाचन पश्चात मेलम्ची नगरपालिका वडा नं.३ बाट सम्पादन हुने कार्यहरूलाई पारदर्शी रूपमा सम्पूर्ण वडा वासिहरूलाई नै सर्वेपरी ठानी वडाको काम कारवाहीहरू अगाडि बढाएको छु । मेलम्ची नगरपालिकाको वडाहरू मध्येकै राम्रो वडा बनाउनको लागि वडामा कृषि ,पर्यटन ,स्वास्थ्य शिक्षा यातायात जस्ता विषयहरूलाई अगाडि बढाई काम गराईरहेको छु । सोही परिधि भित्र रही जनताको आवश्यकता अनुसारका विकासका कार्यक्रमहरूलाई प्राथमिकतामा राखी कार्य गरेको छु ।

२०७२ साल बैशाख १२ को विनासकारी भूकम्पको डर त्रासलाई सान्त्वना दिदै आवस पुननिर्माणका कार्यहरू मठ मन्दिर, गुम्बा, विद्यालय, स्वास्थ्य चौकी जस्ता सार्वजनिक सम्पतीहरूको पुनर्निर्माणको काम सम्पन्न गर्न नपाउदै विश्वव्यापी माहामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड -१९) ले विश्व मानव जीवनको स्वास्थ्य र आर्थिक विकासलाई नै संकटपूर्ण अवस्थामा पुर्यायो । कोरोना संक्रमणको बढ्दो अवस्थाबाट बिभिन्न भौतिक पूर्वाधार तथा अन्य विकास निर्माणका कार्यहरूलाई असर पर्यो । यसका बाबजुत पनि हामि कोरोना भाइरस रोकथाम तथा नियन्त्रण र वडाका समग्र विकास निर्माणका कार्यहरू सम्पन्न गर्न सफल भयौ। यस मेलम्ची नगरपालिका राज्य पुनर्सरचना पश्चात निर्वाचित जनप्रतिनिधिहरूको प्रथम कार्यकालमा भएका कार्यहरूलाई संक्षिप्तरूपमा प्रतिवेदनमा प्रस्तुत गरिएको छ । यो प्रतिवेदनबाट सम्पूर्ण वडा वासी इच्छुक अध्यनकर्ताहरूले वडाको काम कारवाहीलाई अध्यन गर्ने अवसर प्राप्त हुनेछ भने यो प्रतिवेदन वडा तथा नगरको वस्तु स्थितिको बारेमा थप जानकारी प्राप्त गर्ने सन्दर्भ सामाग्री हुनेछ ।

अन्त्यमा यस प्रतिवेदन प्रकाशनको लागि खट्नु हुने तथा सहयोग समन्वय गर्ने सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद

(बसन्त गुरुङ)
वडा अध्यक्ष

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
४ नं. वडा कार्यालय
थकनी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

शुभकामना मन्तव्य

मेलम्ची नगरपालिकामा जनप्रतिनिधिको रूपमा हामी निर्वाचित भए पश्चात आ.व. २०७४/०७५ देखि आ.व. २०७८/०७९ सम्म हामीले नगर तथा वडा कार्यालयबाट सम्पादन गरेका प्रमुख कार्यहरूलाई समेटेर मेलम्ची नगरपालिकाले **"स्थानीय सरकारको प्रथम कार्यकाल"** नामक प्रगति प्रतिवेदन प्रकाशन गर्न लागेकोमा मलाई धेरै खुशी लागेको छ। हामी सबै वडाका जनप्रतिनिधिहरूको व्यक्तिगत प्रोफाइल सहित विकास निर्माणका कार्यहरूको समेटेर एक ऐतिहासिक र स्मरणयोग्य पुस्तक प्रकाशन गर्न लागेकोमा सर्वप्रथम म मेलम्ची नगरपालिकालाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

जनप्रतिनिधि बिहिनताको लामो समय पश्चात हामी जनप्रतिनिधिको रूपमा निर्वाचित भएका छौं र हाम्रो प्रथम कार्यकाल समेत सकिन लागेको छ ।यस अवधिमा हामीले जनताहरूसंग गरेका बाचाहरू धेरै पूरा गरेका छौं । नगर तथा वडाको विकासमा जनताको सहभागिता झण्डै शुन्य अवस्थामा पुगेको स्थितिलाई परिवर्तन गर्दै हामीले विकास निर्माणमा जनताको सहभागिता एक अभिन्न अंग हुने कुरा प्रमाणित गर्दै जनतालाई, संगै विकास निर्माणमा परिचालन गरेका छौं ।संघीय लोकतान्त्रिक व्यवस्था स्थापना भएपछि पहिलो कार्यकालमा हामी वडा समितिमा निर्वाचित भई आउँदा वि.स. २०७२ सालको विनाशकारी भूकम्पबाट क्षतिग्रस्त भएका वडावासीका निजी आवास, सरकारी संरचना र विद्यालयका भवन निर्माण हुन नसकी जिर्ण अवस्थामा रहेको थियो। भुकम्पबाट प्रभावितहरूको स्थायी आवास पुनर्निर्माणलाई पहिलो प्राथमिकतामा राखी मोटरबाटो लगायतका भौतिक संरचनाको विकास तथा व्यवस्थापनका कार्यहरुमा वडा समितिको विशेष सक्रियतामा हामीले मेलम्ची नगरपालिका वडा नं.४ मा लगभग ९७% पुनर्निर्माण कार्य सम्पन्न गरेका छौं।

हामी जनप्रतिनिधिको रूपमा निर्वाचित भएपश्चात वि.सं. २०७४ सालमा अस्थायी वडा कार्यालय (टहरा) निर्माण गरेर वडा कार्यालय सन्चालन गरेका थियौं। २०७६ साल पछि महिला आत्मनिर्भर केन्द्रद्धरा निर्मित भुकम्प प्रतिरोधात्मक नमूना भवनमा निरन्तर सेवा प्रवाह गरिरहेका छौं। यस वडाको पर्यटकीय स्थल धौलेमा नगरपालिकाबाट आ.व २०७८/७९ मा धौलेश्वरी मन्दिर र पोखरी निर्माणको कार्य भइरहेको छ। हाल हामीले अस्थायी वडा कार्यालयबाट सेवा प्रवाह गरिरहेका छौं भने स्थायी वडा कार्यालय निर्माणका लागि हामीले पहल गरिरहेका छौ। हामी निर्वाचित जनप्रतिनिधिहरूको पाँच बर्षको कार्याकाल समग्रमा सन्तोषजनक र उपलब्धि मूलक रहेको छ। हामीले वडावासिको हकहितको लागि सम्बन्धित निकायमा निरन्तर खवरदारी र पहलकदामी गरिरहेका कुरा अवागत गराउन चहान्छु।

अन्त्यमा, हामी जनप्रतिनिधिको प्रथम कार्यकालमा निर्माण गरिएका विकास निर्माणसंग सम्बन्धित विषयवस्तुहरूलाई एक महत्वपूर्ण संगालोको रूपमा प्रगति प्रतिवेदन प्रकाशनको लागि महत्वपूर्ण योगदान पुर्याउनुहुने सबै प्रति हार्दिक आभार व्यक्त गर्दछु।

(दमाई (मारलामा) तामाङ)
वडा अध्यक्ष

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
५ नं. वडा कार्यालय
सिन्धुकोट, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

शुभकामना मन्तव्य

संविधान सभाबाट नेपालको संविधान, २०७२ जारी भए पछि संवैधानिक व्यवस्था बमोजिम नेपालमा तीन तहको सरकारको व्यवस्था गरियो । नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको कानूनी व्यवस्था बमोजिम हामी मेलम्ची नगरपालिकामा जनप्रतिनिधिको रूपमा निर्वाचित भयौं । हामी निर्वाचित भएको पाँच वर्ष व्यतित हुन लागेको छ। यस पाँच वर्षको अवधि हाम्रो लागु चुनौतीपूर्ण रूपमा रह्यो । हाम्रो काँधमा भूकम्पबाट क्षतिग्रस्त भएका संरचनाहरूको पुनर्निर्माण गर्नु देखि सडक, खानेपानी, सिंचाई लगायतका विकास पूर्वाधार र ऐन कानून निर्माण गर्ने जिम्मेवारी आएको थियो । यी सबै जिम्मेवारी र कर्तव्यलाई ध्यानमा राख्दै वडाको विकास निर्माण र जनताहरूको दैनिक सेवा प्रवाहमा निरन्तर लागिपर्यौं । यस अवधिमा हामीले नगर तथा वडा कार्यालयबाट सम्पादन गरेका प्रमुख कार्यहरूलाई समेटेर मेलम्ची नगरपालिकाले "**स्थानीय सरकारको प्रथम कार्यकाल**" नामक प्रगति प्रतिवेदन प्रकाशन गर्न लागेकोमा मलाई धेरै खुशी लागेको छ ।

हाम्रो यो अवधि अत्यन्तै चुनौतीपूर्ण र संघर्षशील अवधिको रूपमा रहेको छ। विश्व समुदायमा महामारिको रूपमा फैलिएको कोभिड-१९ को संक्रमणबाट आम वडाबासी तथा नगरवासीहरूको जीवन रक्षाको लागि हामी दिनरात खटिरह्यौं ।वडमा रहेका दीर्घरोगीहरूलाई औषधि वितरण देखि कोभिड १९ संक्रमितहरूको उपचार र व्यवस्थापनमा हामीले अब्बल कार्य गरेका छौं ।

विभिन्न संक्रमणबाट थिलोथिलो भएका हामीले मेलम्ची र ईन्द्रावती नदीको भिषण बाढीको सामना गर्नपर्यो । मेलम्ची र ईन्द्रावती नदीमा आएको बाढीबाट नगरपालिका भित्रका व्यक्ति तथा सार्वजनिक जग्गा जमिनहरूको ठूलो परिमाणमा क्षति भयो भने पक्की पुलको अभावमा केही वडाहरूको पालिकासंगकको सम्बन्ध समेत टुट्न पुगेको अवस्था थियो । सो अवस्थालाई हामीले ह्युमपाइप लगायतका पूर्वाधार निर्माण गरी यातायात संचालन गर्यौं ।

हामीले पाँच वर्षको यस अवधिमा वडाका सडक यातायात लगायत खानेपानी, सिंचाई जस्ता पूर्वाधारहरू निर्माणको थालनी गरेका छौं । वडामा यस्ता पूर्वाधार निर्माणका कार्य गर्न अझै धेरै बाँकी छ। हामीले जग बसालेको विकास कार्यलाई अब नेतृत्वमा आउने जनप्रतिनिधिहरूले पूरा गर्नुपर्ने देखिन्छ। हामीले बिग्रि सकेको विकासको मोडललाई सही बाटोमा ल्याएका छौं। हामीले हाम्रो नेतृत्वमा वडामा निर्माण गरेका विकासका मुख्य मुख्य कार्यहरूलाई यस प्रतिवेदनमा समावेश गरिएको छ।

अन्त्यमा, हामी जनप्रतिनिधिको प्रथम कार्यकालमा भएका विकाससंग सम्बन्धित कार्यहरूलाई प्रतवेदनको रूपमा प्रकाशन गर्नुको लागि महत्वपूर्ण योगदान पुर्याउनुहुने सम्पूर्ण कर्मचारीहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

(सुर्दशन लुइटेल)
वडा अध्यक्ष

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
६ नं. वडा कार्यालय
तालामाराङ, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

शुभकामना मन्तव्य

नेपालको संविधान, २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरेका काम, कर्तव्य र अधिकारको अधिनमा रही संघीयता पछिको हाम्रो प्रथम कार्यकालमा हाम्रो अगुवाईमा निर्माण भएका योजनाहरू र हामीले सम्पादन गरेका प्रमुख कार्यहरूलाई समेटेर प्रगति प्रतिवेदन प्रकाशन गर्न लागेकोमा मलाई धेरै खुशी लागेको छ ।

लामो समयसम्म जनप्रतिनिधि बिहिनताको अवस्थतामा हामीलाई विकास निर्माणको कार्यलाई तिब्र ढंगबाट अगाडि बढाउन धेरै नै कठिनाई उत्पन्न भयो । स्थानीय ऐन कानून निर्माण नगरी काम गर्न नसिकने अवस्थाले पनि सबैभन्दा पहिला स्थानीय कानून निर्माण गर्न आवश्यक देखियो । दक्ष कर्मचारीको अप्रयाप्तताले गर्दा पनि हामीले वडाबाट सम्पन्न गर्नु पर्ने काम कारवाहीलाई सोचे जती गर्न सकेनौं । लामो समयसम्म जनप्रतिनिधिको रिक्तता र जटिल र चुनौतिपूर्ण अवस्थाको यो कार्यकालमा हामीले विकास निर्माणका नविन कार्यहरूको थालनी गरेका छौं । यस कार्यलाई आगामी दिनमा निर्वाचित हुने जनप्रतिनिधिबाट अवश्य नै पूरा हुनेछ ।

अन्त्यमा, हामी जनप्रतिनिधिको प्रोफाइल सहित हाम्रो अगुवाईमा पाँच वर्षसम्म गरेका मुख्य मुख्य कार्यहरूलाई समेटेर प्रतिवेदन प्रकाशन गर्न सहयोग गर्ने सम्पूर्ण कर्मचारी एवं सम्पूर्ण मेरा सुवेक्षुक, मतदाता एवं वडावासीहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

(जितराज थापा)
वडा अध्यक्ष

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
७ नं. वडा कार्यालय
दुबाचौर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

शुभकामना मन्तव्य

मेलम्ची नगरपालिका वडा नं. ७ दुवाचौरको निर्वाचन भई ५ बर्ष व्यतित भैसकेको यो अवसरमा हामी जनताबाट निर्वाचित जनप्रतिनिधिहरूले सम्पन्न गरेको मुख्य मुख्य विकास निर्माण कार्यलाई लिपिबद्ध गरि पञ्चबर्षिय प्रगति प्रतिवेदन प्रकाशन गर्न पाउँदा मलाई ज्यादै खुशी लागेको छ।

स्थानीय तहको निर्वाचन पश्चात यस मेलम्ची नगरपालिका वडा नं. ७ दुवाचौरमा विकास निर्माणका काम गर्ने प्रतिबद्धता गरे अनुरूप धेरै काम भएका छन् भने कति कामहरू बजेट अभावको कारण ठूलाठूला आयोजनालाई प्राथमिकता दिन सकेका छैनौं। अब आउने दिनमा ती आवश्यकता परिपुर्ती भएर जानेछन् भन्ने मलाई आशा लागेको छ।
यस वडामा विकास निर्माण बाहेक स्वच्छ रूपमा सुशासन कार्य गरी अगाडी बढेकोमा गौरव लागेको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार पारदर्शिता रूपमा कार्य गरेको जस्तो लागेको छ। अन्त्यमा ५ बर्षको प्रगति प्रतिवेदन प्रस्तुत गर्न पाउँदा ज्यादै खुशी लागेको छ। ५ बर्षे कार्यकालमा जानी नजानी काम गरेकोमा कमी कमजोरी सुधार गर्दै लानेछु भन्दै सबै वडा बासीहरू, राजनैतिक दल, बुद्धिजिवी, शिक्षाप्रेमीलाई आवश्यक सहयोग र सल्लाह प्रदान गर्नको लागि पूर्ण अपेक्षा गर्दछु।

धन्यबाद।

(ज्ञानेन्द्र श्रेष्ठ)
वडा अध्यक्ष

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
८ नं. वडा कार्यालय
क्यौरानी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

शुभकामना मन्तव्य

नेपालको संविधान, २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ ले व्यवस्था गरे अनुसार जनताबाट निर्वाचित भई मेलम्ची नगरपालिका वडा नं. ८ को वडा अध्यक्षको जिम्मेवारीमा रही संघीयता भन्दा पछी वडाको समग्र उपलब्धिलाई समेटेर यो पुस्तक प्रकाशन गर्न पाउँदा म अत्यन्त हर्षित छु ।

मिति २०७४ साल वैशाख ३१ गतेबाट वडा अध्यक्षको रूपमा विताएको ५ वर्षे कार्यकाल अत्यन्तै छिटो बितेको अनुभव भयो । यो ५ वर्षे अवधिमा धेरै आरोह अवरोहहरूको सामना गर्नु परेतापनि यस पदमा रहेर समाज र जनताको सेवा गर्न पाउनुलाई नै आफ्नो महत्वपूर्ण उपलब्धि ठानेको छु ।

हामी निर्वाचित भए पश्चात नीति निर्माण, प्रशासनिक व्यवस्थापन, भुकम्पले ध्वस्त भएका संरचनाको पुनर्निर्माण तथा विकास निर्माणका कुरालाई एकैसाथ लिएर अघि बढ्नको लागि चुनौति नै थियो । त्यस बखतमा हाम्रा कर्मचारी, वुद्धिजिवी, समाजसेवी तथा शुभचिन्तकहरूबाट प्राप्त साथ सहयोगको उच्च प्रशंसा तथा सम्मान गर्न चाहन्छु । आ.व. २०७४/७५ देखि हालसम्म आइपुग्दा हामीले विकासको लागि स्वास्थ्य, शिक्षा, भौतिक निर्माण, पुर्ननिर्माण आदि जस्ता विभिन्न पक्षहरूमा आफ्नो वुद्धि, विवेक र स्रोतले भ्याएसम्म धेरै भन्दा धेरै काम गर्ने प्रयत्न गरेका छौं । सो मध्ये कतिपय निर्माणको क्रममा छन् भने कतिपय सम्पन्न समेत भइसकेका छन् । यी उपलब्धिको लेखाजोखा यहाँहरूले राख्नु हुनेछ भन्ने विश्वास गर्दछु । यस बीचमा वडाको समग्र विकासको लागि तथा जनतामा सहज किसिमको कार्य सम्पादनको लागि यहाँहरूबाट प्राप्त सल्लाह, सुझाव तथा जनभावनालाई सम्भव भएसम्म सम्बोधन गरी काम गरेको कुरा जानकारी गराउन चाहन्छु । अन्जान तथा भुलवश कहिं कतै गल्ती कमजोरी भएको भएमा वडा परिवारको तर्फबाट सम्पूर्ण वडा बासीहरू सँग क्षमा चाहन्छु ।

अन्त्यमा, सम्पूर्ण वडा तथा नगरबासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरूको सुख, शान्ति, समृद्धिको कामना सहित आगामी दिनहरूमा समग्र वडा तथा नगरको चौतर्फी उन्नती, प्रगती र विकासको लागि शुभकामना व्यक्त गर्न चाहन्छु ।

धन्यवाद !

(ठंकराज गिरी)
वडा अध्यक्ष

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
९ नं. वडा कार्यालय
ज्यामिरे, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

शुभकामना मन्तव्य

नमस्कार ! नेपालको संविधानले व्यवस्था गरे अनुरूप जनताबाट निर्वाचित भई मेलम्ची नगरपालिका वडा नं. ९ को वडा अध्यक्षको रूपमा रहँदा संघीयता पश्चात प्रथम कार्यकालको आर्थिक, सामाजिक, शैक्षिक , भौतिक पूर्वाधार सहित समग्र उपलब्धिलाई समेटेर यो पुस्तक प्रकाशन गर्न पाउँदा म हर्षित छु ।

शिक्षक पेशापश्चात मिति २०७४ साल वैशाख ३१ गतेबाट वडा अध्यक्षको रूपमा विताएको ५ वर्षे कार्यकाल आफैमा एक नौलो अनुभव रह्यो । यसो त यस अवधिमा धेरै आरोह अवरोधहरूको समेत सामना गर्नुपर्यो तापनी यस पदमा रहेर समाज र जनताको सेवा गर्न पाउनुलाई नै आफ्नो महत्वपूर्ण उपलब्धि ठानेको छु ।

सुरूवाती चरणमा देश भर्खर भर्खर संघियता तर्फ बामे सार्दै थियो र साथमा हामी नवनिर्वाचित जनप्रतिनिधी पनि । नीति निर्माण , प्रशासनिक व्यवस्थापन, भुकम्पले ध्वस्त भएका संरचनाको व्यवस्थापन तथा विकास निर्माणका कुरालाई एकैसाथ लिएर हिँड्नु हामीलाई सानो चुनौती थिएन । त्यस बखतमा हाम्रा कर्मचारी, वुद्धिजिवी, समाजसेवी तथा शुभचिन्तकहरूबाट प्राप्त साथ सहयोग र मार्गदर्शनको मुक्तकण्ठले प्रशंसा गर्न चाहान्छु । आ.व. २०७४/७५ देखि २०७८/७९ सम्म आइपुग्दा हामीले विकासको लागि शिक्षा, स्वास्थ्य, भौतिक निर्माण, पुर्ननिर्माण जस्ता विभिन्न पक्षहरूमा आफ्नो वुद्धि, विवेक र स्रोतले भ्याएसम्म धेरै भन्दा धेरै काम गर्ने प्रयत्न गरेका छौं । सो मध्ये कतिपय सम्पन्न भइसकेका छन् भने कतिपय सम्पन्न हुने क्रममा छन् । सो उपलब्धिको लेखाजोखा राख्ने जिम्मा समेत म हजुरहरूकै हातमा सुम्पिन चाहन्छु । प्रत्यक्ष रूपमा देश र जनताको सेवा गर्न प्राप्त भएको यो ५ वर्षे कार्यकाल अत्यन्तै छिटो बितेको अनुभव भयो । यस बीचमा कार्यसम्पादन गर्दै गर्दा जनताबाट प्राप्त जनविचार तथा जनगुनासोलाई सम्भव भएसम्म सम्बोधन गरी काम गरेको कुरा जानकारी गराउन चाहन्छु । यति हुँदा हुँदै पनि अन्जानमा कहिँ कतै गल्ती कमजोरी भएको भएमा वडा परिवार सम्पूर्णको तर्फबाट वडा बाासीहरूसँग क्षमा चाहन्छु ।

अन्त्यमा, भावी जनप्रतिनिधिहरूलाई स्वागत गर्दै सम्पूर्ण वडा तथा नगरबासी आमाबुवा दाजुभाई तथा दिदिबहिनीहरूको सुख, शान्ति, समृद्धिको कामना सहित आगामी दिनहरूमा समग्र वडा तथा नगरको चौतर्फी उन्नती प्रगती र विकासको लागि शुभकामना व्यक्त गर्न चाहन्छु । साथै, आउँदै गरेको नव वर्ष २०७९ सालको सम्पूर्णमा शुभकामना समेत व्यक्त गर्दछु ।

धन्यवाद !

(कमलबहादुर खड्का)
वडा अध्यक्ष

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
१० नं. वडा कार्यालय
शिखरपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

शुभकामना मन्तव्य

संघीयता पश्चात मेलम्ची नगरपालिकामा निर्वाचित हामी जनप्रतिनिधिहरूको प्रथम कार्यकालमा भए गरेका कार्यहरुको प्रगति प्रतिवेदनको रूपमा "**स्थानीय सरकारको प्रथम कार्यकाल**" नामक प्रगति प्रतिवेदन प्रकाशन हुन लागेकोमा मलाई खुशी लागेको छ। संघीय लोकतान्त्रिक व्यवस्था स्थापना भएपछि पहिलो कार्यकालमा हामी वडा समितिमा निर्वाचित भई आउँदा वि.स. २०७२ सालको विनाशकारी भूकम्पबाट क्षतिग्रस्त भएका वडावासीका निजी आवास, सरकारी संरचना र विद्यालयका भवन निर्माण हुन नसकी जिर्ण अवस्थामा रहेको थियो । भुकम्पबाट प्रभावितहरूको स्थायी आवास पुनर्निर्माणलाई पहिलो प्राथमिकतामा राखी मोटरबाटो लगायतका भौतिक संरचनाको विकास तथा व्यवस्थापनका कार्यहरुमा वडा समितिको विशेष सक्रियतामा हामीले मेलम्ची नगरपालिका वडा नं. १० मा ९५.५% पुनर्निर्माण कार्य सम्पन्न गरेका छौं ।

हामी जनप्रतिनिधिको रूपमा निर्वाचित भएपश्चात वि.सं. २०७५ सालमा अस्थायी वडा कार्यालय निर्माण भएकोमा वि.सं. २०७६ साल श्रावणमा अज्ञात व्यक्तिहरूबाट आगजनी हुन पुग्यो । उक्त आगजनीबाट वडाका महत्वपूर्ण कागजातहरू नष्ट भए । अस्थायी वडा कार्यालय भवन आगजनी भए पछि हामीले पुनः उक्त स्थानमा नै स्थायी र पक्की दुई तले वडा कार्यालय भवन निर्माणको कार्य अन्तिम चरणमा पुर्याएका छौं । यो हाम्रो महत्वपूर्ण उपलब्धी हो । मेलम्ची नगरपालिका वडा नं. १० को गौरवको योजनाको रूपमा निर्माणाधिन अवस्थामा रहेको मेलम्ची सिटी पार्क मिति २०७८ असार १ गते र त्यसपछि मेलम्ची तथा ईन्द्रावती नदीमा आएको विनाशकारी बाढीबाट पूर्ण रूपमा क्षति भयो । यो हाम्रो लागि अत्यन्तै दुःखद घटना रह्यो । यस बाढीबाट ईन्द्रावती नदी किनारमा रहेका वडाबासीका व्यक्तिगत जग्गा जमिनहरू पूर्ण रूपमा क्षति भए । हामीले बाढीबाट घर तथा जग्गा जमिनहरू क्षति भएका व्यक्तिहरूको आवास निर्माणका लागि लाभग्राही कायम गर्ने, जग्गा जमिनको संरक्षण गर्ने प्रयाशका साथै राहत व्यवस्थापनका कार्यहरू गरेका छौं ।

यस वडा भित्र हामी निर्वाचित हुन भन्दा अगाडि बाह्रै महिना यातायात संचालन हुने मोटर बाटोहरू थिएनन् । हामी निर्वाचित भए पश्चात हामीले तीन वटा सडकहरूलाई बाह्रै महिना यातायात संचालन हुने सडकको रूपमा स्तरोन्नती गरेका छौं । हाम्रो कार्यकालमा नगर चक्रपथ निर्माण, वडा कार्यालय बडहरे सडक निर्माण र तुरतुरे धारा चप्लेटी सडक लगायत टोल टोलमा जाने नयाँ ट्याक निर्माण तथा स्तरोन्नती भएका छन् । विद्यालय पक्की भवनहरु निर्माण सम्पन्न भएको, ४ वटा पक्की सिंचाई कुलो निर्माण भएको, ८५% जनसंख्यामा खानेपानीको पहुँच भएको , एक घर एक धारा कार्यक्रम सुरूवात गरिएको, अस्थायी स्वास्थ्य चौकी भवन निर्माण भएको छ । कोभिड-१९ को महामारी नियन्त्रणमा टोल टोल देखि वडा स्तरमा समिति गठन तथा परिचालन गरिएको, कोभिड-१९ विरूद्धको खोप केन्द्र समुदायस्तरमा पुऱ्याइएको , मेलम्ची बाढीपीडितलाई गैरसरकारी क्षेत्रसँग समन्वय गरी राहत उपलब्ध गराइएको छ ।

हम्रा वडाका भवी योजनाहरूलाई हामीले यस प्रतिवेदनमा समावेश गरेका छौ । हामीले निर्धारण गरेका भावी योजनाहरूको जगबाट नै समग्र वडाको विकास निर्माण गर्ने लक्ष्य हाम्रो समु रहेको छ ।

अन्त्यमा, यो प्रगति प्रतिवेदन प्रकाशन गर्नमा प्रत्यक्ष परोक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

(भक्तबहादुर खड्का)
वडा अध्यक्ष

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
११ नं. वडा कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

शुभकामना मन्तव्य

दशकौं अघिदेखि जनप्रतिनिधि विहिन अवस्थामा रहेको स्थानीय तह संघियतामा गए पश्चात २०७४ सालमा स्थानीय निर्वाचन पछि राष्ट्रले नवीन निकास पाएको छ। तत्कालिन अवस्थामा स्थानीय तहमा विविध किसिमका ऐन, नियमको अन्योलता रहेको थियो भने यस वडा वि.सं. २०७२ सालको भूकम्पका कारण निजी आवास लगायत सम्पूर्ण पूर्वाधार क्षत विक्षत अवस्थामा रहेका थिए। यस्तो विकराल अवस्था रहँदा रहँदै पनि म ऐतिहासिक एवं सुन्दर पर्यटकीय क्षेत्र मे लम्ची नगरपालिकाको वडा नं.११ को वडा अध्यक्षको भूमिकामा पुग्न पाएकोमा सो कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्णमा हार्दिक धन्यवाद दिन चाहन्छु।

स्थानीय जनप्रतिनिधिहरुको निर्वाचित अवधिको अन्तिम संघारमा आइपुग्दा मेलम्ची नगरपालिकाले जनप्रतिनिधिहरुको कार्यकालको शुरू अवस्था र हालको अवस्थाको समग्र विकास निर्माणका गतिविधिहरुलाई समेटेर यो पुस्तक पस्कन लागे कोमा हर्षित भएको छु।

यस नगर तथा वडाले भूकम्प पश्चात मेलम्ची र ईन्द्रावती नदीमा आएको भिषण बाढीको विपत्ति समेत बेहोर्नु परेको छ।

यस्तो विषम परिस्थितिमा वडा तथा नगरको समग्र विकासमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने वडावासी, वडा समितिका पदाधिकारीज्यूहरु, विभिन्न संघ संस्थाहरु, कर्मचारी लगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

विविध किसिमका विपद्हरुको सामना गर्दा गर्दै जनप्रतिनिधिहरुको पाँच वर्षे कार्यकाल समाप्त हुन लाग्दा यस नगरपालिकाले समग्र वडाहरुमा सम्पन्न गरेका कार्यहरू समेटेर प्रगति प्रतिवेदन प्रकाशन गर्न लागेकोमा खुसी लागेको छ। हालसम्म यस वडामा विकास निर्माणको सिलसिलामा हुन पुगेका कमी कमजोरीहरुलाई सुधार गर्दै आगामी दिनहरुमा मेलम्ची नगरपालिका वडा नं.११ का सम्पूर्ण वडावासीहरुको समग्र विकास निर्माणमा यहाँहरु सबैको अमूल्य योगदान रहने विश्वास व्यक्त गर्दछु।

धन्यवाद !

(रुद्रप्रसाद दुलाल)
वडा अध्यक्ष

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
१२ नं. वडा कार्यालय
बाँसवारी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

शुभकामना मन्तव्य

मेलम्ची नगरपालिकामा जनप्रतिनिधिको रूपमा हामी निर्वाचित भए पश्चात आ.व. २०७४/०७५ देखि आ.व. २०७८/०७९ सम्म हामीले नगर तथा वडा कार्यालयबाट सम्पादन गरेका प्रमुख कार्यहरूलाई समेटेर मेलम्ची नगरपालिकाले "**स्थानीय सर कारको प्रथम कार्यकाल**" नामक प्रगति प्रतिवेदन प्रकाशन गर्न लागेकोमा मलाई धेरै खुशी लागेको छ। हामी सबै वडाका जनप्रतिनिधिहरूको व्यक्तिगत प्रोफाइल सहित विकास निर्माणका कार्यहरूको समेटेर एक ऐतिहासिक र स्मरणयोग्य पुस्तक प्रकाशन गर्न लागेकोमा सर्वप्रथम म मेलम्ची नगरपालिकालाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

जनप्रतिनिधि बिहिनताको लामो समय पश्चात हामी जनप्रतिनिधिको रूपमा निर्वाचित भएका छौं र हाम्रो प्रथम कार्यकाल समेत सकिन लागेको छ। यस अवधिमा हामीले जनताहरूसंग गरेका बाचाहरू धेरै पूरा गरेका छौं। नगर तथा वडाको विकासमा जनताको सहभागिता झण्डै शुन्य अवस्थामा पुगेको स्थितिलाई परिवर्तन गर्दै हामीले विकास निर्माणमा जनताको सहभागिता एक अभिन्न अंग हुने कुरा प्रमाणित गरेका गर्दै जनतालाई, संगै विकास निर्माणमा परिचालन गरेका छौं।

वडाको विकास निर्माणको लागि हाम्रो काँधमा आएको जिम्मेवारीलाई हामीले ईमान्दारी पूर्वक पूरा गर्ने प्रयाश गरेका छौं। वडा तथा नगरको दीगो विकासका लागि अझै धेरै कार्यहरू गर्न बाँकी नै छ। वडामा प्राप्त भएको सिमित श्रोत र साधनलाई मितव्ययी र पारदर्शी ढंगबाट परिचालन गरिएको छ। विगत दुई वर्ष देखि विश्व महामारीको रूपमा फैलिएको कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचार गर्नको लागि हामी दिनरात खटि नगरवासीहरूको जीवन रक्षा गर्नको लागि महत्वपूर्ण भूमिका निर्वाह गरेका छौं। कोभिड-१९ को महामारी एकातिर रहेकै अवस्थामा मेलम्ची तथा ईन्द्रावती नदीको भिषण बाढीले हामिले निर्माण गरेका धेरै विकास निर्माणका संरचनाहरू नष्ट हुन पुग्यो।

हाम्रो सामु खडा भएको कोभिड-१९ र मेलम्ची बाढीको महाविपद्को अवस्थामा हामीले जनताको सुरक्षा, राहत व्यवस्थापन लगायतका कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्यौं। एकातिर आएको यो पिपद्को डटेर सामना गर्नुको साथै हामीले पाँच वर्षको अविधिमा वडाका सडक पूर्वाधार, खानेपानी, एकिकृत बस्ती निर्माण, सिंचाई, कृषि क्षेत्र लगयातका विभिन्न क्षेत्रमा महत्वपूर्ण कार्य गरेका छौं। हामीले हाम्रो सामु खडा भएका चुनौतीको बाबजुत पनि समृद्ध वडा निर्माणको लागि धेरै प्रयाश गरेका छौं भने कतिपए योजनाहरू अझै अधुरो रहेका छन्। त्यो पूरा गर्नुपर्ने दायित्व अझै रहेको छ।

अन्त्यमा, हामी जनप्रतिनिधिको प्रथम कार्यकालमा निर्माण गरिएका विकाससंग सम्बन्धित विषयवस्तुहरूलाई एक महत्वपूर्ण संगालोको रूपमा प्रगति प्रतवेदन प्रकाशन गर्नको लागि महत्वपूर्ण योगदान पुर्याउनुहुने सबै प्रति हार्दिक आभार व्यक्त गर्दछु।

(रामबहादुर लामा)
वडा अध्यक्ष

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
१३ नं. वडा कार्यालय
फटकशिला, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

शुभकामना मन्तव्य

मेलम्ची नगरपालिकामा जनप्रतिनिधिको रूपमा हामी निर्वाचित भए पश्चात आ.व. २०७४/०७५ देखि आ.व. २०७८/०७९ सम्म हामीले गरेका प्रमुख कार्यहरूलाई समेटेर "**स्थानीय सरकारको प्रथम कार्यकाल**" नामक प्रगति प्रतिवेदन प्रकाशन गर्न लागेकोमा मलाई धेरै खुशी लागेको छ। हामी सबै वडाका जनप्रतिनिधिहरूको व्यक्तिगत प्रोफाइल सहित विकास निर्माणका कार्यहरू समेटेर एक ऐतिहासिक र स्मरणयोग्य पुस्तक प्रकाशन गर्न लागेकोमा सर्वप्रथम म मेलम्ची नगरपालिकालाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

जनप्रतिनिधि बिहिनताको लामो समय पछि हामी जनप्रतिनिधिको रूपमा निर्वाचित भएकोमा हाम्रो पाँच वर्षिय पहिलो कार्यकाल समेत सकिन लागेको छ। यस अवधिमा हामीले जनताहरूसंग गरेका बाचाहरू धेरै पूरा गरेका छौं। नगर तथा वडाको विकासमा जनताको सहभागिता झण्डै शुन्य अवस्थामा पुगेको स्थितिलाई परिवर्तन गर्दै हामीले विकास निर्माणमा जनताको सहभागिता एक अभिन्न अंग हुने कुरा प्रमाणित गर्दै आगामी दिनमा पनि जनताको सधै साथमा रहने बाचा गर्दै जनतालाई संगै विकास निर्माणमा परिचालन गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

वडाको विकास निर्माणको लागि हाम्रो काँधमा आएको जिम्मेवारीलाई हामीले ईमान्दारी पूर्वक पूरा गर्ने प्रयाश गरेका छौं। वडा तथा नगरको दीगो विकासका लागि अझै धेरै कार्यहरू गर्न बाँकी नै छ।वडामा प्राप्त भएको सिमित श्रोत र साधनलाई मितव्ययी र पारदर्शी ढंगबाट परिचालन गरिएको छ। विगत दुई वर्ष देखि विश्व महामारीको रूपमा फैलिएको कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचार गर्नको लागि हामी दिनरात खटि नगरवासीहरूको जीवन रक्षा गर्नको लागि महत्वपूर्ण भूमिका निर्वाह गरेका छौं।

अन्त्यमा, हामी जनप्रतिनिधिको प्रथम कार्यकालमा निर्माण गरिएका विकाससंग सम्बन्धित विषयवस्तुहरूलाई एक महत्वपूर्ण संगालोको रूपमा प्रगति प्रतिवेदन प्रकाशन गर्नको लागि महत्वपूर्ण योगदान पुर्याउनुहुने कर्मचारी, सबै जनप्रतिनिधि, वडा सचिब, वडाका राजनैतिक दल, नागरिक समाज, संचारकर्मी एवं सम्पूर्ण महानुभावहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु।

(देवेन्द्र घोरासैनी)
वडा अध्यक्ष

विषय-सूची

भाग-१
१ विषय प्रवेश १
१.१ पृष्ठभूमि १
१.२ नगरपालिकाको परिचय १
भाग - २
२.१ नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरूको वैयक्तिगत विवरण ४
भाग - ३
३.१ वडा नं. १ को परिचय ४९
३.२ वडा नं. १ को नक्शा ४९
३.३ वडा नं. १ को भुगोल तथा जनसंख्या सम्बन्धी विवरण ५०
३.४ वडा नं. १ को जातजाती, धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी विवरण ५०
३.५ वडा नं. १ को भौतिक पूर्वाधार, स्वास्थ्य, शैक्षिक वित्तिय अवस्था ५०
३.६ वडा नं. १ को विकास पूर्वाधार पाँच वर्ष पहिला र अहिले ५१
३.७ वडा नं. २ को परिचय ५८
३.८ वडा नं. २ को नक्शा ५८
३.९ वडा नं. २ को भुगोल तथा जनसंख्या सम्बन्धी विवरण ५९
३.१० वडा नं. २ को जातजाती, धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी विवरण ५९
३.११ वडा नं. २ को भौतिक पूर्वाधार, स्वास्थ्य, शैक्षिक वित्तिय अवस्था ५९
३.१२ वडा नं. २ को विकास पूर्वाधार पाँच वर्ष पहिला र अहिले ६०
३.१३ वडा नं. ३ को परिचय ६४
३.१४ वडा नं. ३ को नक्शा ६४
३.१५ वडा नं. ३ को भूगोल तथा जनसंख्या सम्बन्धि विवरण ६५
३.१६ वडा नं. ३ को जातजाती, धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी विवरण ६५
३.१७ वडा नं. ३ को भौतिक पूर्वाधार, स्वास्थ्य, शैक्षिक वित्तिय अवस्था ६५
३.१८ वडा नं. ३ को विकास पूर्वाधार पाँच वर्ष पहिला र अहिले ६६
३.१९ वडा नं. ४ को परिचय ६९
३.२० वडा नं. ४ को नक्शा ६९
३.२१ वडा नं. ४ को भुगोल तथा जनसंख्या सम्बन्धी विवरण ७०
३.२२ वडा नं. ४ को जातजाती, धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी विवरण ७०
३.२३ वडा नं. ४ को भौतिक पूर्वाधार, स्वास्थ्य, शैक्षिक वित्तिय अवस्था ७०
३.२४ वडाको विकास पूर्वाधार पाँच वर्ष पहिला र अहिले ७१
३.२५ वडा नं. ५ को परिचय ७४
३.२६ वड नं. ५ को नक्शा ७४
३.२७ वडा नं. ५ को भुगोल तथा जनसंख्या सम्बन्धी विवरण ७५
३.२८ वडा नं. ५ को जातजाती, धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी विवरण ७५
३.२९ वडा नं. ५ को भौतिक पूर्वाधार, स्वास्थ्य, शैक्षिक वित्तिय अवस्था ७५
३.३० वडा नं. ५ को विकास पूर्वाधार पाँच वर्ष पहिला र अहिले ७५

३.३१ वडा नं. ६ को परिचय ८०
३.३२ वडा नं. ६ को नक्शा ८०
३.३३ वडा नं. ६ को भुगोल तथा जनसंख्या सम्बन्धी विवरण ८१
३.३४ वडा नं. ६ को जातजाती, धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी विवरण ८१
३.३५ वडा नं. ६ को भौतिक पूर्वाधार, स्वास्थ्य, शैक्षिक वित्तिय अवस्था ८१
३.३६ वडा नं. ६ को विकास पूर्वाधार पाँच वर्ष पहिला र अहिले ८२
३.३७ वडा नं ७ को परिचय ८७
३.३८ वडा नं. ७ को नक्शा ८७
३.३९ वडा नं. ७ को भुगोल तथा जनसंख्या सम्बन्धी विवरण ८८
३.४० वडा नं. ७ को जातजाती, धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी विवरण ८८
३.४१ वडा नं. ७ को भौतिक पूर्वाधार, स्वास्थ्य, शैक्षिक वित्तिय अवस्था ८८
३.४२ वडा नं. ७ को विकास पूर्वाधार पाँच वर्ष पहिला र अहिले ८९
३.४३ वडा नं. ८ को परिचय ९६
३.४४ वडा नं. ८ को नक्शा ९६
३.४५ वडा नं. ८ को भुगोल तथा जनसंख्या सम्बन्धी विवरण ९७
३.४६ वडा नं. ८ को जातजाती, धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी विवरण ९७
३.४७ वडा नं. ८ को भौतिक पूर्वाधार, स्वास्थ्य, शैक्षिक वित्तिय अवस्था ९७
३.४८ वडा नं. ८ को विकास पूर्वाधार पाँच वर्ष पहिला र अहिले ९७
३.४९ वडा नं. ९ को परिचय १०१
३.५० वडा नं. ९ को नक्शा १०१
३.५१ वडा न. ९ को भुगोल तथा जनसंख्या सम्बन्धी विवरण १०२
३५२ वडा नं. ९ को जातजाती, धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी विवरण १०२
३.५३ वडा नं. ९ को भौतिक पूर्वाधार, स्वास्थ्य,शैक्षिक वित्तिय अवस्था १०२
३.५४ वडा नं. ९ को विकास पूर्वाधार पाँच वर्ष पहिला र अहिले १०३
३.५५ वडा नं. १० को परिचय १०८
३.५६ वडा नं. १० को नक्शा १०८
३.५७ वडा नं. १० को भुगोल तथा जनसंख्या सम्बन्धी विवरण १०९
३.५८ वडा नं. १० को जातजाती, धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी विवरण १०९
३.५९ वडा नं. १० को भौतिक पूर्वाधार, स्वास्थ्य, शैक्षिक वित्तिय अवस्था १०९
३.६० वडाको विकास पूर्वाधार पाँच वर्ष पहिला र अहिले ११०
३.६१ वडा नं. ११ को परिचय ११५
३.६२ वडा नं. ११ को नक्शा ११५
३.६३ वडा नं. ११ को भुगोल तथा जनसंख्या सम्बन्धी विवरण ११६
३.६४ वडा नं. ११ को जातजाती, धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी विवरण ११६
३.६५ वडा नं. ११ को भौतिक पूर्वाधार, स्वास्थ्य, शैक्षिक वित्तिय अवस्था ११६
३.६६ वडा नं. ११ को विकास पूर्वाधार पाँच वर्ष पहिला र अहिले ११७
३.६८ वडा नं. १२ को परिचय १२४
३.६९ वडा नं. १२ को नक्शा १२४
३.७० वडा नं. १२ को भुगोल तथा जनसंख्या सम्बन्धी विवरण १२५

३.७१ वडा नं. १२ को जातजाती, धर्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी विवरण १२५
३.७२ वडा नं. १२ को भौतिक पूर्वाधार, स्वास्थ्य, शैक्षिक वित्तिय अवस्था १२५
३.७३ वडा नं. १२ को विकास पूर्वाधार पाँच वर्ष पहिला र अहिले १२६
३.७४ वडा नं. १३ को परिचय १३१
३.७५ वडा नं. १३ को नक्शा १३१
३.७६ वडा नं. १३ को भुगोल तथा जनसंख्या सम्बन्धी विवरण १३२
३.७७ वडा नं. १३ को जातजाती, धर्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी विवरण १३२
३.७८ वडा नं. १३ को भौतिक पूर्वाधार, स्वास्थ्य, शैक्षिक वित्तिय अवस्था १३२
३.७९ वडा नं. १३ को विकास पूर्वाधार पाँच वर्ष पहिला र अहिले १३३

भाग – ४

४.१ नगरपालिकाले सम्पादन गरेका मुख्य कार्यहरू १३८
४.२ मेलम्ची नगरपालिकालाले निशुल्क रूपमा प्राप्त गरेको जग्गाको विवरण १४०
४.३ मेलम्ची नगरपालिकाले खरिद गरेको जग्गाको विवरण १४३
४.४ नगरपालिकाको प्रशासनिक तथा वडा कार्यालय भवन निर्माणको अवस्था १४२
४.५ मेलम्ची नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरूको भवन निर्माणको अवस्था १५०
४.६ नगरपालिकाबाट निर्माण तथा निर्माणाधिन अवस्थामा रहेका माने, गुम्बा, मन्दिर, सामुदायिक भवन, सवदाह गृह लगायतको अवस्था : १५५
४.७ नगरपालिकाबाट निर्माण गरिएका विस्तृत परियोजना प्रतिवेदन/अध्ययन प्रतिवेदन/नगर गुरूयोजनाको विवरण १५५
४.८ हालसम्म नगरपालिका भित्र निर्माण भएका घरहरूको नक्सा पास सम्बन्धी विवरण १५६
४.९ मेलम्ची नगरपालिकामा भूकम्प पश्चात हालसम्मको पुनर्निर्माणको अवस्था १५६
४.१० मेलम्ची नगरपालिकामा एकिकृत बस्ती निर्माणको अवस्था १५७
४.११ नगरपालिकाको भौतिक पूर्वाधार निर्माणको अवस्था १५९
४.१२ नगरपालिकबाट निर्माण तथा स्तरोन्नती गरिएका मुख्य सडकहरू १६५
४.१३ खानेपानीको निर्माणको अवस्था (नगरपालिका, संद्य, प्रदेश र संघ/संस्था १६७
३.१४ नगरपालिका समन्वयमा संघ/प्रदेश/नगरपालिकाबाट निर्माणधिन अवस्थामा रहेका खानेपानीको विवरण १६८
४.१५ मेलम्ची ईनद्रावती नदीमा आएको बाढीबाट क्षति भएका पूर्वाधारहरूको अवस्था १७०
३.१६ नगरपालिकाबाट हालसम्म निर्माण गरिएका अन्य मुख्य पूर्वाधारहरूको १७३
४.१७ पर्यटन प्रवर्द्धन १७७
४.१८ नगरपालिकामा झोलुङ्गे पुल निर्माणको अवस्था १८१
४.१९ सामुदायिक तथा संस्थागत शैक्षिक संस्थाहरूको एकिकृत विवरण १८२
४.२० शिक्षा, युवा तथा खेलकुद शाखाबाट सम्पन्न भएका महत्वपूर्ण कार्यहरू १८२
४.२१ मेलम्ची नगरपालिकाले हलसम्म संकलन गरेको आन्तरिक राजस्व रकमको विवरण र कार्यहरू : १८५
४.२२ मेलम्ची नगरपालिका भित्र रहेका सहकारी संस्थाहरूको विवरण १८८
४.२३ नगरपालिकामा हालसम्म दर्ता भएका सहकारी संस्थाहरूको विवरण १८९
४.२४ सहकारी शाखाबाट समपन्न भएका कार्यहरू १८९
४.२५ मेलम्ची नगरपालिकामा वडागत रूपमा अपाङ्गता परिचयपत्र वितरणको अवस्था १९०

४.२६ मेलम्ची नगरपालिकामा हालसम्म वडागत रूपमा ज्येष्ठ नागरिक परिचयपत्र वितरणको अवस्था १९१
४.२७ नगरपालिकामा हालसम्म कार्यान्वयन भएका योजना र बजेटको खर्चको अवस्था १९१
४.२८ नगरपालिकाबाट वितरण गरिएको सहायक सामग्रीहरूको विवरण १९२
४.२९ जिवीकोपार्जन अनुदान वितरण १९४
४.३० बालमैत्री वडा निर्माणका लागि भएका कार्यहरू १९६
४.३१ नगरपालिकामा हालसम्म कार्यान्वयन भएका योजना र बजेट खर्चको अवस्था १९६
४.३२ मेलम्ची नगरपालिकामा सामाजिक सुरक्षा भत्ता वितरणको अवस्था १९७
४.३३ घटना दर्ताको वडागत अवस्था १९८
४.३४ हाल संचालनमा रहेका स्वास्थ्य संस्था सम्बन्धी विवरण २०१
४.३५ नगरपालिकाको स्वास्थ्य शाखाबाट हालसम्म सम्पन्न गरिएका कार्यहरू २०१
४.३६ नगरपालिकाको आयुर्वेद शाखाबाट सम्पन्न भएका कार्यहरू २०५
४.३७ बहुक्षेत्रीय पोषण योजना कार्यक्रम अन्तर्गत सम्पादन भएका कार्यहरू २०७
४.३८ मेलम्ची नगरपालिकाको न्यायिक समितिबाट सम्पन्न भएका कार्यहरू २०८
४.३९ कृषि शाखाबाट अनुदानमा वितरण गरिएका सामाग्रीहरूको विवरण २०९
४.४० अनुदानमा वितरण गरिएका सामाग्रीहरूको विवरण २१२
४.४१ हाल सम्म वितरण गरिएको बिउको विवरण २१३
४.४२ क्षमता अभिबृद्धि २१५
४.४३ बिजबृद्धि कार्यक्रम सञ्चालन २१५
४.४४ फलफूल बगैचा सुदृढिकरण २१६
४.४५ प्रधानमन्त्री कृषि आधुनिकिरण परियोजना पकेट विकास कार्यक्रम २१६
४.४६ कृषि विकास कोष अन्तर्गत आ.व २०७७/०७८ मा अनुदान प्राप्त गर्ने लाभग्राहीहरूको विवरण २१७
४.४७ माटो परीक्षण शिविर सञ्चालन तथा कृषि चुन वितरण २१८
४.४८ पशु सेवा शाखाबाट सम्पन्न गरिएका कार्यहरू २१८
४.४९ मेलम्ची नगरपालिकाले हालसम्म सूचना प्रविधि क्षेत्रमा भएका महत्वपूर्ण कार्यहरु २२६
४.५० मेलम्ची नगरपालिकाबाट सम्पन्न भएका विपद व्यवस्थापनका कार्यहरू २२७
४.५१ प्रधानमन्त्री रोजगार कार्यक्रम २३५
४.५२ लघु उद्यम विकासको अवस्था २३६
४.५३ मेलम्ची नगरपालिकाको प्रशासनिक भवन उद्घाटन २३८
४.५४ मेलम्ची नगर अस्पतालको स्तरोन्नती तथा उद्घाटन २३९
४.५५ भगिनी सम्बन्ध कायम २४२
४.५६ आ.व. २०७४/०७५ देखि हालसम्मको एकिकृत आय विवरण २४३
४.५७ आ.व. २०७४/०७५ देखि हालसम्मको एकिकृत खर्च विवरण २४६
४.५८ मेलम्ची नगरपालिका र अन्तर्गत संचालित सवारी साधनहरूको विवरण २४६
भाग – ५
५. नगरपालिकाको संगठन संरचना २४९

भाग-एक

विषय प्रवेश

१.१ पृष्ठभूमि

वि.सं. २०७१ साल मंसिर १६ गते नेपाल सरकारको निर्णय बमोजिम साविकका ७ वटा गा.वि.स.हरु (मेलम्ची, ज्यामिरे, शिखरपुर, तालामाराङ, सिन्धुकोट, बाँसवारी र फटकशिला) समावेश गरेर मेलम्ची नगरपालिका गठन गरिएकोमा राज्यको पुर्नसंरचना पछि वि.स. २०७३ साल फाल्गुण २६ गते साविकका ४ वटा गा.वि.स.हरु (भोटेचौर, हैबुङ, थकनी र दुवाचौर) समेत थप गरी मेलम्ची नगरपालिकाको पुर्नगठन गरिएको छ। राज्यको पुनर्संरचना पछि यस नगरपालिकामा हाल १३ वटा वडाहरु रहेका छन् ।

१६०.६३ वर्ग कि.मि. क्षेत्रफल भएको यस नगरपालिकामा २०६८ को राष्ट्रिय जनगणना अनुसार कूल जनसंख्या ४५३४३ रहेकोमा पुरुषको जनसंख्या २४६१४ र महिलाको जनसंख्या २२७२९ रहेको छ भने जम्मा ९९८७ घरधुरीहरु रहेका छन् । त्यसैगरी, राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार महिलाको जनसंख्या २१०९७ र पुरुषको जनसंख्या २००७२ गरी जम्मा ४११७० जनसंख्या रहेको छ भने जम्मा १०८११ घरधुरीहरु रहेको छन् ।नेपालको संविधान, २०७२ ले दिएको अधिकार, स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था तथा मेलम्ची नगरपालिकाबाट जारी गरिएको ऐन, नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड बमोजिम यस नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यहरु नियमित रुपमा संचालन गर्दै आइरहेको छ ।

संघीयता कार्यान्वयन गर्ने चरणामा मिति २०७४ साल वैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनबाट पाँच वर्षका लागि यस नगरपालिकामा प्रमुख र उपप्रमुखको रुपमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) को तर्फबाट डम्बर बहादुर अर्याल र भगवती नेपाल निर्वाचित हुनुभयो भने नगरपालिका भित्रका १३ वटा वडाहरुमध्ये ८ वटा वडाहरु (वडा नं. १, २, ५, ६, ७, ८, ११ र १२) मा नेपाल कम्युनिष्ट पार्टी (एमाले) को तर्फबाट वडा अध्यक्ष र वडा सदस्यहरु जनप्रतिनिधिहरुको रुपमा निर्वाचित हुनुभयो । त्यसैगरी, ४ वटा वडाहरु (वडा नं. ३, ४, ९ र १०) मा नेपाली कांग्रेस पार्टीको तर्फबाट र वडा नं. १३ मा नेकपा माओवादी केन्द्रको तर्फबाट वडा अध्यक्ष र वडा सदस्यहरु निर्वाचित हुनुभयो ।

जनताबाट निर्वाचित भएको यस अवधिमा मेलम्ची नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरुको नेतृत्वमा सम्पादन भएका मुख्य मुख्य कार्यहरु, निर्वाचन हुनुभन्दा अगाडि र निर्वाचन पछिको विकास निर्माणको

अवस्थालाई यस प्रकाशनमा समावेश गरिएको छ । यस प्रकाशनले संघीयता पछिको दोश्रो कार्यकालमा निर्वाचित हुने जनप्रतिनिधिहरुको लागि समेत मार्गदर्शनको रुपमा दिशा निर्देश गर्नेछ ।

१.२ नगरपालिकाको परिचय

नेपालको राजधानी काठमाडौंबाट उत्तर–पूर्वमा पर्ने बागमती प्रदेश अन्तर्गत रहेको सिन्धुपाल्चोक जिल्लाका १२ वटा स्थानीय तहहरुमध्ये मेलम्ची नगरपालिका एक हो । यस नगरपालिकाको पूर्वमा ईन्द्रावती गाउँपालिका, पश्चिममा काठमाडौं जिल्लाको शंखरापुर नगरपालिका र नुवाकोट जिल्लाको शिवपुरी गाउँपालिका, उत्तरमा हेलम्बु र पाँचपोखरी थाङपाल गाउँपालिका तथा दक्षिणमा काभ्रेपलाञ्चोक जिल्लाको मण्डन देउपुर नगरपालिका रहेको छ ।

भौगोलिक विविधताको कारण नगरपालिकाको विभिन्न क्षेत्रमा पाइने हावापानी फरक फरक प्रकारको रहेको छ । उचाईको वृद्धि सँगसँगै चिसोको मात्रामा वृद्धि हुँदै जाने हुँदा यहाँ तातो हावा बहने मेलम्ची नदी किनारको क्षेत्र देखि बाह्रै महिना चिसो हुने भोटेचौर, हैबुङ्ग, गुफा चांखु जस्ता स्थानहरु रहेका छन् । यस नगरपालिकामा चैत्र महिना देखि असोजको प्रारम्भसम्म गर्मी र असोज देखि फागुन महिनासम्म जाडो हुने भएकोले यहाँको हावापानीमा मौसम अनुसार विविधता रहेको पाइन्छ ।

यस नगरपालिकामा ग्रिष्म र वर्षा ऋतुमा मनसुनी बर्षा बढी हुने गर्दछ । मेलम्ची नगरपालिका दक्षिणपूर्वी मनसुन प्रभावित क्षेत्रमा पर्ने हुनाले असार देखि भाद्रसम्ममा प्रशस्त पानी पर्दछ । नगरका मुख्य जलाधार क्षेत्रहरू न्यून चापीय वायु हुँदै जाने हुनाले यस क्षेत्रमा बढी वर्षा हुने गर्दछ । समग्र नगरमा बार्षिक सरदर १६१५ मि. लि. सम्म बर्षा हुने गर्दछ ।

महाभारत क्षेत्र अन्तर्गत पर्ने मेलम्ची नगरपालिका जैविक विविधताले महत्वपूर्ण मानिन्छ । यस क्षेत्रमा पाइने मुख्य जडिबुटीहरूमा लोठसल्ला, सुगन्धवाल, चिराईतो, जटामसी, धसिंगरे, कुट्की, पाखनवेद, कुरिलो, सतिवयर, नूनढिकी, झ्याउ, पदमचाल, गुराँस, लप्सी, बेल, चुत्रो, दामपाते, घ्युकुमारी, काँचोपात, दतिवन आदि हुन् । यस क्षेत्रमा जडिबुटीको प्रचुर संभावना रहेकोले केही स्थानीय व्यक्तिहरुले व्यवसायिक रुपमा जडिबुटी खेती गर्न सक्ने संभावना रहेको छ भने केही किसानहरूले जडिबुटी खेतीको शुरूवात गरेका छन् । यस क्षेत्रमा पाइने रुख विरुवाहरुमा साल, अस्ना, खयर, कटुस, चिलाउने, उत्तिस, सल्ला, मौवा, लाँकुरी, गुराँस मूख्य रुपमा रहेका छन् । त्यस्तै डाले घाँसमा चिउरी, बडहर, कुटमिरो, किम्बु, खनिउँ, इपिल आदि पाइन्छ । वन क्षेत्रको विकास विस्तार र संरक्षणको लागि केही सामुदायिक तथा कवुलियत वन उपभोक्ता समितिहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

			देखि	हाल सम्म
१	कृष्ण प्रसाद घोरासैनी	नि. कार्यकारी अधिकृत	२०७१/०८/२१	२०७२/०१/२०
२	अग्नी प्रसाद अधिकारी	कार्यकारी अधिकृत	२०७२/०१/२१	२०७२/०५/०९
३	पूर्ण प्रसाद दुलाल	कार्यकारी अधिकृत	२०७२/०६/१५	२०७३/११/२६
४	पूर्ण प्रसाद दुलाल	नि.कार्यकारी अधिकृत	२०७३/११/२७	२०७४/०६/२२
५	देवी प्रसाद थपलिया	प्रमुख प्रशासकीय अधिकृत	२०७४/०६/२३	२०७६/०८/०६
६	कुमार प्रसाद कोइराला	प्रमुख प्रशासकीय अधिकृत	२०७६/०९/०७	२०७८/०२/१७
७	अमृत कुमार धिताल	प्रमुख प्रशासकीय अधिकृत	२०७८/०२/२१	

भाग-तीन

वडागत वस्तुस्थिति परिचय तथा वडाबाट सम्पादन भएका कार्यहरु

३.१ वडा नं. १ को परिचय

वि.स. २०७३ साल फागुन २६ गते मेलम्ची नगरपालिका भित्रका साविकका ४ वटा गाविसहरु थप भई नगरपालिकाको पुनर्गठन गरिएकोमा ती मध्ये भोटेचौर गाविस एक हो । नेपालमा संघीयता कार्यान्वयन पछि साविक भोटेचौर गाविसको ९ वटा वडाहरुमध्ये वडा नं. १, २, ३ र ४ समावेश गरि हालको मेलम्ची नगरपालिकाको १ नं. वडा गठन भएको हो । यो वडा ९.३३ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ ।

नेपालको राजधानी काठमाडौबाट उत्तर पुर्वमा पर्ने बागमती प्रदेश अन्तर्गत रहेको सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ मा पर्ने मेलम्ची नगरपालिकाको यस वडाको पुर्वमा मेलम्ची नगरपालिकाको वडा नं. १२ को गिराञ्चौर र काठमाडौं जिल्लाको शंखरापुर न.पा. को वडा नं. २ पटाप, पश्चिममा मेलम्ची न.पा. वडा नं. २ को निबुगाउ, उत्तरमा मेलम्ची न.पा. वडा नं. ५ को सिन्धुखोला र दक्षिणमा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज पर्दछ । यस वडामा लेक देखि वेशीसम्मका स्थानहरु रहेको कारण भौगोलिक हिसावले चिसो हावापानी देखि गर्मी हावापानी समेत पाइन्छ । पर्यटकीय क्षेत्रको रुपमा विकास हुने संभावना बोकेको यस वडाबाट जुगल हिमालको दृश्य अवलोकन गर्न सकिन्छ । राजधानीबाट मेलम्ची नगरपालिका प्रवेश गर्ने ३ वटा नाका मध्ये यो पनि एक हो । यहाँ ब्राह्मण, क्षेत्री, तामाङ, कामी, दमाई र नेवार गरी मिश्रीत बसोबास भएतापनि विकासको क्रममा सबै जातजाति एकजुटका साथ अघि बढेको पाईन्छ । यस वडाका मानिसहरुको प्रमुख पेशा कृषि तथा पशुपालन भएतापनि यसका अलावा नोकरी, व्यापार, दुग्ध व्यवसाय, व्यवसायिक किवी खेती, आलु खेती लगायतका नगदे वालीको खेती प्रमुख रहेको छ । यस वडामा पाताल गुफा, मौरी झरना, त्रिवेणीघाट, कुण्डेश्वर लगायतका प्राकृतिक एवं धार्मिक पर्यटकीयस्थलहरु रहेका छन्

३.२ वडा नं. १ को नक्शा



३.३ वडा नं. १ को भुगोल तथा जनसंख्या सम्बन्धी विवरण

वडाको क्षेत्रफल	वडाको केन्द्र	वडाको जनसंख्या (जनगणना २०६८)		वडाको जम्मा घरधुरी
		महिला	पूरुष	
१०.५८ वर्ग कि.मि.	भोटेचौर, सि.पा.	२४८६	२२६६	१०७४

द्रष्टव्य: साविक भोटेचौर गाविसको जनसंख्या र घरधुरी समावेश गरिएको ।

३.४ वडा नं. १ को जातजाती, धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी विवरण

क्र.सं.	विवरण	नाम
१	वडामा बसोबास गर्ने जातजातीहरु	बाह्मण, क्षेत्री, तामाङ, दलित र नेवार
२	वडामा बसोबास गर्ने मानिसहरुले मान्ने धर्म	हिन्दु, बौद्ध र क्रिश्चियन
३	वडामा रहेका धार्मिक मठ मन्दिर, गुम्बा र चर्च सम्बन्धी विवरण	केदारेश्वर महादेव, सिध्देश्वर महादेव, कुण्डेश्वर महादेव, जर्केश्वर महादेव, क्षेत्रपाल भुमेस्थान मन्दिर, सेतीदेवी मान्दिर थापाटोल, निलकण्ठेश्वर महादेव मन्दिर, रोक्का टोल शिव मन्दिर, जर्केश्वरी महादेव मन्दिर, सेतीदेवी मान्दिर भङ्याङ्ग, माने ।
४	वडामा रहेका पुरातात्विक तथा पर्यटकीय स्थलहरु	सिद्देश्वर त्रिवेणीघाट, मौरी झरना, कुण्डेश्वर, पाताल गुफा, भूमेस्थान तथा मानेडाँडा, ठूलोढुङ्गा ।
५	वडामा रहेका गढी, भङ्याङहरु	–
६	वडामा संचालित होमस्टे तथा ठूला होटलहरु	सिन्धु हिमालयन र सिन्धु दर्शन होटल ।

३.५ वडा नं. १ को भौतिक पूर्वाधार, स्वास्थ्य, शैक्षिक तथा वित्तिय अवस्था

क्र.सं.	भौतिक संरचनाको विवरण	हालको अवस्था	संख्या
१	वडा कार्यालय भवन	पक्की वडा कार्यालय निर्माण भएको	१
२	स्वास्थ्य चौकी	भएको	१
३	शहरी स्वास्थ्य केन्द्र	भएको	१
४	बर्थिङ सेन्टर	भएको	१
५	निजी अस्पताल	अविन फार्मेसी	१
६	सामुदायिक स्वास्थ्य केन्द्र	स्वास्थ्य समिति भोटेचौर	१
७	भेटेरिनरी औषधि पसल	सुर्यमुखी साना किसान कृषि सहकारी संस्थाबाट संचालित	१
८	क्याम्पस	सिन्धु भ्याली क्याम्पस	१
९	मा.वि.	सरस्वती मा.वि. , सेतिका देवी मा.वि.	२
१०	आ.वि.	शिवपरी आ.वि., जलेश्वरी आ.वि., सिङ्गेश्वरी आ.वि.	३
११	बाल विकास केन्द्र	जल्केश्वरी बाल विकास केन्द्र, भुमेस्थान बाल विकास केन्द्र, सिद्दिगणेश बालविकास केन्द्र	३
१२	बैंक तथा वित्तिय संस्था	नेपाल सेवा लघु वित्त	१

३.६ वडा नं. १ को विकास पूर्वाधार पाँच वर्ष पहिला र अहिले

(क) भौतिक पूर्वाधार विकास (शिक्षा)

क्र.सं.	विद्यालयको विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	सरस्वती मा.वि.	• दुई वटा भवन मध्ये भूकम्पबाट भारत सरकारको सहयोगमा निर्माण भएको एउटा पक्की भवन क्षति भएको। • ६ कोठे ट्रस भवन निर्माण भएको । • विज्ञान प्रयोगशाला नभएको • कम्प्यटर कक्षा संचालन भएको । • शौचालय तथा खानेपानीको व्यवस्था भएको ।	• भारत सरकारको सहयोगमा पुनर्निर्माण प्राधिकरण मार्फत पक्की विद्यालय भवन निर्माणाधिन अवस्थामा रहेको। • थप विज्ञान प्रयोगशाला र कम्प्युटर कक्षा निर्माण भएको । • गणित प्रयोगशालाको शुरुवात गरिएको । • स्वच्छ खानेपानीको व्यवस्था भएको ।
२	सेतिका देवी मा.वि.	• पक्की पाँच कोठे भवन निर्माण भएको । • अस्थायी सिकाई केन्द्र निर्माण गरि पठनपाठन गरिएको । • खानेपानी र शौचालयको प्रयास व्यवस्था नभएको ।	• विद्यालको ८ कोठे नयाँ पक्की भवन निर्माण भएको । • पुरानो पक्की भवनमा तला थप गरी ५ कोठा निर्माण गरिएको । • शौचालय, खानेपानीको व्यवस्था गरिएको । • विद्यालय भवन संरक्षणको लागि मेशिनरी वाल निर्माण गरिएको । • विद्यालय घेराबार, सूचना प्रविधि प्रयोगशाला निर्माण गरिएको । • विज्ञान प्रयोगशालाको शुरुवात गरिएको ।
३	जलेश्वरी आ.वि.	• दुई वटा ट्रस भवन र ढुङ्गा माटोको चार कोठे भवन निर्माण भएको ।	• हाल दुई वटा पक्की भवन निर्माण भएको । • विद्यालय भवन संरक्षणको लागि मेशिनरी वाल, ग्याबिन लगाई संरक्षण गरिएको । • खानेपानी, शौचालयको व्यवस्था गरिएको ।
४	जल्केश्वरी वाल विकास केन्द्र	• दुई वटा ट्रस भवन निर्माण भएको । • खानेपानी तथा शौचालयको उचित व्यवस्था नभएको ।	• एक वटा नयाँ ट्रस भवन र छात्रछात्रा सहित शौचालय निर्माण भएको ।

५	सिद्धिगणेश बाल विकास केन्द्र	• एक वटा ट्रस भवन निर्माण भएको । • खानेपानीको व्यवस्था नभएको ।	• पुरानै भवन रहेको । • खानेपानीको व्यवस्था गरिएको छ ।
६	सिंङ्गेश्वरी आ.वि.	• दुई वटा ट्रस भवन निर्माण भएको । • खानेपानी तथा शौचालयको उचित व्यवस्था नभएको ।	• एक वटा नयाँ ट्रस भवन र छात्रछात्रा सहित शौचालय निर्माण भएको । • विद्यालयको पुरानो भवनको झ्याल ढोका मर्मत गरिएको छ ।
७	शिवपुरी आ.वि.	• एक वटा ट्रस भवन निर्माण भएको । • अस्थायी टहरोमा पठनपाठन गरिएको ।	• पक्की विद्यालय भवन निर्माण गरिएको । • खानेपानीको व्यवस्था गरिएको । • शौचालय निर्माणाधिन अवस्थामा रहेको ।
८	भूमेस्थान बाल विकास केन्द्र	• एक वटा ट्रस भवन निर्माण भएको । • खानेपानी तथा शौचालयको उचित व्यवस्था नभएको ।	• थप एक वटा ट्रस भवन निर्माणाधिन अवस्थामा रहेको । • खानेपानीको व्यवस्था गरिएको छ ।

(ख) भौतिक पूर्वाधार विकास (स्वास्थ्य)

क्र.सं.	स्वास्थ्य विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	भोटेचौर स्वास्थ्य चौकी	• भूकम्पबाट कच्ची भवन क्षति भएको ।	• वर्ल्ड भिजन नेपालको सहयोगमा अस्थायी ट्रस भवन निर्माण गरी स्वास्थ्य सेवा प्रदान गरिएको छ । • खानेपानी तथा शौचालयको व्यवस्था गरिएको । • प्रभावकारी स्वास्थ्य सेवा प्रदान गरिएको छ ।
२	सामुदायिक स्वास्थ्य केन्द्र भोटेचौर	• दुई वटा पक्की भवन निर्माण भएकोमा भुकम्पबाट एक वटा पक्की भवन क्षति भएको ।	• हाल एउटा पक्की भवन रेक्टोफिटिङ गरी निर्माण गरिएको छ । • एउटा प्रिफ्याब भवन निर्माण भएको छ । • खानेपानी तथा शौचालयको व्यवस्था गरिएको । • प्रभावकारी स्वास्थ्य सेवा प्रदान गरिएको छ । • एक्स्रे मेशिन लगायतका ल्याबका समाग्रीहरु खरिद गरिएको छ । • अक्सिजन कन्सन्ट्रटर र अक्सिजन सिलिण्डरको व्यवस्था गरी उपचार गरिएको ।

३	कोभिड १९ व्यवस्थापन	कुनै पनि महामारी देखा नपरेको	• सामुदायिक स्वास्थ्य केन्द्रमा यस क्षेत्रको पाँच वटै वडाको केन्द्र हुने गरी कोभिड सेन्टर स्थापना गरी कोभिड १९ रोकथाम तथा नियन्त्रण गरिएको । • वडाका दीर्घरोगीहरुलाई निशुल्क औषधि वितरण गरिएको । • अक्सिजन कन्सन्ट्रेटर र अक्सिजन सिलिण्डरको व्यवस्था गरी उपचार गरिएको ।

(ग) भौतिक पूर्वाधार विकास (खानेपानी तथा सरसफाई)

क्र.सं.	विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	खानेपानीको तथा सरसफाईको अवस्था	• वडाका केही बस्तीहरुमा सार्वजनिक धाराहरु निर्माण भएको । • ५ वटा रिजर्भ खानेपानी ट्याङ्की निर्माण भएको । • खुला दिशमुक्त वडा घोषणा गरिएको ।	• एक घर एक धारा कार्यक्रम अन्तर्गत ५०० घरधुरीमा खानेपानीको व्यवस्था गरिएको । • भङ्ग्याङ खानेपानी, जर्केखोला ठूलोपिप्लाबोट खानेपानी, डाँडागाउँ खानेपानी र भोटेचौर बृहत खानेपानी योजना मार्फत वडाका सबै घरधुरीमा खानेपानी निर्माणाधिन अवस्थामा रहेको ।

(घ) भौतिक पूर्वाधार विकास (सडक)

क्र.सं.	सडकको विवरण	पाँच वर्ष पहिलेको अवस्था	अहिलेको अवस्था
१	सडकको अवस्था	• बाह्रै महिना संचालन हुने साँखु काउले दोभान भोटेचौर पक्की सडक रहेको । • २ कि.मि. ग्राभेल सडक रहेको । • ४७.५ कि.मि. कच्ची सडक निर्माण भएको । • ४ कि.मि. पक्की सडक निर्माण भएको ।	• हाल वडा भित्र पक्की ४ कि.मि., ग्राभेल सडक १८ कि.मि., कच्ची सडक ६० कि.मि., नयाँ सडक ट्याक, २५ कि.मि. निर्माण गरिएको । • ४५० मिटर सडक ढलान गरिएको । • २५०० मिटर पक्की ड्रेन निर्माण गरिएको । • महभिर भङ्ग्याङखण्ड सडक, भोटेचौर मानेडाँडा फुस्रेमाटो सडक, पाटीगाउँ सिन्धुखोला सडक, भुमेस्थान रोक्का टोल सडकलाई बाह्रै महिना संचालन हुने गरी स्तरोन्नती गरिएको ।

(ङ) भौतिक पूर्वाधार विकास (भवन)

क्र.सं.	भवनको विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	वडा कार्यालय भवन	• वडा कार्यालय भवन गाउँ सामुदायिक समिति भोटेचौरको भवनबाट संचालन भएको ।	• ८ कोठे पक्की वडा कार्यालय भवन निर्माण गरी सेवा संचालन गरिएको । • खानेपानी, शौचालय र घेराबार निर्माण गरिएको ।
२	सामुदायिक भवन	• गाउँ सामुदायिक समितिको एक मात्र भवन रहेको	• पाटीगाउँ सा.भ., चाँपाबोट सा.भ., ठूलोपाटा सा.भ., मानेडाँडा सा.भ., तोरीडाँडा सा.भ., कुण्डेश्वर सा.भ., खाल्डे सा.भ., कालीदेवी सा.भ.गरी जम्मा ८ वटा सामुदायिक भवन र १४ वटा प्रतिक्षालय निर्माण गरिएको ।

(च) जनशक्ति व्यवस्थापन

क्र.सं.	विवरण	पाँच वर्ष पहिलेको अवस्था	अहिलेको अवस्था
१	जनशक्ति तथा कर्मचारीको अवस्था	• १ जना वडा सचिव र १ जना कार्यालय सहयोगी रहेको ।	• सहायक पाँचौ १, असई १ र कार्यालय सहयोगी १ र १ जना सामाजिक परिचालक गरी जम्मा ४ जना जनशक्ति रहेको ।

(छ) सिंचाईको अवस्था

क्र.सं.	विवरण	पाँच वर्ष पहिलेको अवस्था	अहिलेको अवस्था
१	सिंचाईको अवस्था	• परापूर्व काल देखि चल्दै आएको कुलोबाट सिंचाई गर्ने गरिएको ।	• वडाका विभिन्न स्थानमा १.२ कि.मि. सिंचाई कुलो निर्माण गरिएको । • वडाका विभिन्न स्थानमा ८ वटा सिंचाई ट्याङ्की निर्माण गरि पाइपलाईन सिंचाईको व्यवस्था गरिएको । • वडा भित्रका २५ वटा सिंचाई कुलोको स्तरोन्ती गरिएको । • सिन्धुखोला ठूलोपिपलबोट लिफ्ट सिंचाई निर्माणाधिन अवस्थामा रहेको ।

(ज) खानेपानी निर्माणको अवस्था :

क्र.सं.	खानेपानी योजनाको नाम	वडा नं.	निर्माण सम्पन्न भएको खानेपानी धारा संख्या	निर्माणाधिन खानेपानी धारा संख्या	लाभान्वित घरधुरी
१	चिसो स्वास्थ्य राम्चे खानेपानी योजना	१	२१७	–	२१७
२	डाँडागाउँ खानेपानी योजना	१	–	३००	३००
३	भङ्ग्याङ खानेपानी योजना	१	–	१००	१००
४	जर्केखोला ठूलो पिपलबोट खानेपानी योजना	१	–	६०	६०
५	भोटेचौर बृहत खानेपानी योजना	१	–	६००	६००

मेलम्ची न.पा. वडा नं. १ स्थित देवीस्थान ठूलो पाटा र भुमेस्थान सिंढी निर्माण

मेलम्ची न.पा. वडा नं. १ स्थति निर्माण सम्पन्न मन्दिर र सिंचाई कुलो

मेनपा १ स्थित कम्प्युटर कक्षा र सिंचाई कुलो निर्माण

मेनपा १ मा निर्माण गरिएको सडक तथा सडक ढलान

मेनपा १ मा स्थित पहिरो संरक्षण र सडक ग्राभेल

३.७ वडा नं. २ को परिचय

वि.स. २०७३ साल फागुन २६ गते मेलम्ची नगरपालिका भित्रका साविकका ४ वटा गाविसहरु थप भई नगरपालिकाको पुनर्गठन गरिएकोमा ती मध्ये भोटेचौर गाविस एक हो । नेपालमा संघीयता कार्यान्वयन पछि साविक भोटेचौर गाविसको ९ वटा वडाहरुमध्ये वडा नं. ५, ६, ७, ८ र ९ समावेश गरि हालको मेलम्ची नगरपालिकाको वडा नं. २ वडा गठन गरिएको छ । यो वडा ४.४४ वर्ग किमि क्षेत्रफलमा फैलिएको छ ।

नेपालको राजधानी काठमाडौबाट उत्तर पुर्वमा पर्ने बागमती प्रदेश अन्तर्गत रहेको सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ अन्तर्गत पर्ने यस वडाको पुर्वमा मेलम्ची नगरपालिकाको वडा नं. १ भौटेचौर, पश्चिममा वडा नं ३ हैबुङ, ,उत्तरमा मेलम्ची न.पा. वडा नं. ४ थकनी र दक्षिणमा शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज र काठमाडौं जिल्ला गोकर्णेश्वर नगरपालिका वडा नं. १ मुलखर्क पर्दछ । पर्यटकीय नगरीको रुपमा रहेको यस वडाबाट जुगल हिमालको दृश्य अवलोकन गर्न सकिन्छ भने भोटेचौर चिया बगान समेत यसै वडा भित्र पर्दछ । यस वडाको प्रसिद्ध तपचुली पर्यटकीय क्षेत्रबाट विभिन्न हिमश्रृंखलाहरुको अवलोकन गर्न सकिन्छ । यस वडामा ब्राह्मण, क्षेत्री, तामाङ र दमाई गरी मिश्रीत बसोबास भएता पनि विकासको क्रममा सबै जातजाति एकजुटका साथ अघि बढेको पाईन्छ । यस वडाका मानिसहरुको प्रमुख पेशा कृषि भएता पनि यसका अलावा नोकरी, व्यापार, दुग्ध व्यवसाय, व्यवसायिक किवी खेती, एभोगाडो नगदेबालीको रुपमा चियाखेती रहेको छ ।

३.८ वडा नं. २ को नक्शा

३.९ वडा नं. २ को भुगोल तथा जनसंख्या सम्बन्धी विवरण :

वडाको क्षेत्रफल	वडाको केन्द्र	वडाको जनसंख्या (जनगणना २०६८)		वडाको जम्मा घरधुरी
		महिला	पूरुष	
५.५७ वर्ग कि.मि.	जैसीगाउँ, सि.पा.	२४८६	२२६६	१०७४

द्रष्टव्य: साविक भोटेचौर गाविसको जनसंख्या र घरधुरी समावेश गरिएको ।

३.१० वडा नं. २ को जातजाती, धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी विवरण

क्र.सं.	विवरण	नाम
१	वडामा बसोबास गर्ने जातजातीहरु	बाह्मण, क्षेत्री, तामाङ, दलित
२	वडामा बसोबास गर्ने मानिसहरुले मान्ने धर्म	हिन्दु, बौद्ध र क्रिश्चियन
३	वडामा रहेका धार्मिक मठ मन्दिर, गुम्बा र चर्च सम्बन्धी विवरण	सिद्धेश्वरी त्रिवेणीघाट, अर्चले देवी, जाल्पा देवी मन्दिर, तपचुली तपेश्वर, भुमेस्थान मन्दिर, सेतीदेवी मन्दिर ।
४	वडामा रहेका पुरातात्विक तथा पर्यटकीय स्थलहरु	तपचुली, त्रिवेणीघाट, अर्चले देवी, चमेरे गुफा, बसाहाचौर, चियाबगान, महादेव काल्लो ।
५	वडामा रहेका गढी, भङ्ग्याङहरु	अर्चले गढी र तपचुली भङ्ग्याङ्ग ।
६	वडामा संचालित होमस्टे तथा ठूला होटलहरु	शिखर होमस्टे, सिन्जर होमस्टे, पुष्कर होटल

३.११ वडा नं. २ को भौतिक पूर्वाधार, स्वास्थ्य, शैक्षिक वित्तिय अवस्था

क्र.सं.	भौतिक संरचनाको विवरण	हालको अवस्था	संख्या
१	वडा कार्यालय भवन	पक्की वडा कार्यालय भवन निर्माण भएको	१
२	स्वास्थ्य इकाई	भएको	१
३	भेटेरिनरी औषधि पसल	भएको	१
४	मा.वि.	जाल्पा देवी मा.वि.	१
५	आ.वि.	निवुगाउँ आ.वि.	१
६	बाल विकास केन्द्र	भएको	३
७	बैंक तथा वित्तिय संस्था	स्वरोजगार लघुवित्त संस्था लि.	१
८	सामुदायिक सिकाई केन्द्र	भएको	१
९	सहकारी	भएको	२

३.१२ वडा नं. २ को विकास पूर्वाधार पाँच वर्ष पहिला र अहिले

(क) भौतिक पूर्वाधार विकास (शिक्षा)

क्र.सं.	विद्यालयको विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	जाल्पा देवी मा.वि.	• पाँच वटा भवन मध्ये चार वटा ट्रस भवन र एक वटा पक्की भवनबाट पठन पाठन भएको ।	• छ वटा भवन मध्ये दुई वटा पक्की भवन र चार वटा ट्रस भवन निर्माण भएको । • सुविधा सम्पन्न शौचालय सहित विद्यालय घेराबार गरिएको । • विज्ञान प्रयोगशाला, कम्प्युटर कक्षा निर्माण भई संचालनमा रहेको । • दिद्यालयमा खानेपानीको व्यवस्था गरिएको । • विद्यालयमा सिसि क्यामेरा जडान गरिएको । • प्रविधिमैत्री पठनपाठन शुरु गरिएको ।
२	निबुगाउँ आ.वि.	• एक वटा ट्रस भवन र एक वटा कच्ची भवनबाट पठनपाठन भएको । • खानेपानीको व्यवस्था भएको ।	• हाल दुई वटा ट्रस भवन निर्माण भएको र एक वटा पक्की दुई कोठे भवन निर्माणाधिन अवस्थामा रहेको । • खानेपानी, शौचालय सहितको व्यवस्था भएको ।

(ख) भौतिक पूर्वाधार विकास (स्वास्थ्य)

क्र.सं.	स्वास्थ्य संस्थाको विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	निबुगाउँ स्वास्थ्य चौकी	• स्वास्थ्य चौकी नभएको ।	• पक्की स्वास्थ्य भवनबाट स्वास्थ्य सेवा प्रवाह गरिएको । • स्वास्थ्य संस्थामा ५ वटा अक्सिजन सिलिन्डर, ५ वटा बेड, अक्सिजन उत्पादन गर्ने मेशिन लगायतका स्वास्थ्य सामाग्री रहेको ।

(ग) भौतिक पूर्वाधार विकास (खानेपानी तथा सरसफाई)

क्र.सं.	विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	खानेपानीको तथा सरसफाईको अवस्था	• वडाका केही बस्तीहरुमा सार्वजनिक धाराहरु निर्माण भएको । • २ वटा रिजर्भ खानेपानी ट्याङ्की निर्माण भएको । • खुला दिशमुक्त वडा घोषणा गरिएको ।	• हाल वडाका सबै घरधुरीमा खानेपानीको व्यवस्था गरिएको । • हाल पाँच वटा खानेपानी ट्याङ्की निर्माण भई जम्मा वडा भित्र सात वटा खानेपानी ट्याङ्की रहेको ।

(घ) भौतिक पूर्वाधार विकास (सडक)

क्र.सं.	सडकको विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	सडकको अवस्था	• ठाडोखोला देखि ओखेनी खोलासम्म ४ कि.मि. सडक पक्की रहेको । • जिर किलो सोतीखोला सडक बाहै महिना चल्ने सडकको रुपमा रहेको । • १२ कि.मि. कच्ची सडक रहेको ।	• हाल वडा भित्र पक्की ४ कि.मि., कच्ची सडक २१ कि.मि., नयाँ सडक ट्र्याक १३ कि.मि. निर्माण गरिएको । • ९ कि.मि. ग्राभेल, १२ मिटर पक्की ढलान निर्माण, ५०० मिटर पक्की नाली निर्माण गरिएको । • तपचुली सडक, ओखेनी स्याङतानटोल सडक, निबुगाउँ सुँयलछाप सडक, जैसीगाउँ सुँयलछाप सडक, सिम्ला फेद सिम्ले बेसी कृषि सडक गरी पाँच वटा सडक बाहै महिना चल्ने सडकको रुपमा स्तरोन्नती गरिएको ।

(ङ) भौतिक पूर्वाधार विकास (भवन)

क्र.सं.	भवनको विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	वडा कार्यालय भवन	• वडा कार्यालय भवन नभएको। • वडा कार्यालय जाल्पा देवी मा.वि. को भवनमा संचालन गरिएको ।	• चार तले ११ कोठे पक्की वडा कार्यालय भवन निर्माण भई उक्त भवनबाट वडा कार्यालय संचालन गरिएको । • २ रोपनी जग्गा खरिद गरिएको ।
२	सामुदायिक भवन	• एक वटा सामुदायिक भवन रहेको ।	• तपचुली सा.भ., काभ्राबोट सा.भ., कुलदेवता सा.भ., सुँयलछाप सा.भ.,

		• एक वटा सिकाई केन्द्र भवन रहेको ।	लामुसुमारो सा.भ.गरी ५ वटा सामुदायिक भवन, ६ वटा प्रतिक्षालय भवन, चिया बगान पर्यटकीय क्षेत्र प्रवेश द्वार निर्माण गरिएको ।

(च) जनशक्ति व्यवस्थापन

क्र.सं.	विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	जनशक्ति तथा कर्मचारीको अवस्था	• वडा नं. १ र २ एउटै गाविस भएकोले सोहो गाविसका गाविस सचिवबाट सेवा प्रवाह गरिएको ।	• सहायक पाँचौं १, असई १, कम्प्युटर अपरेटर १ र कार्यालय सहयोगी १ गरी जम्मा ४ जना जनशक्ति रहेको ।

(छ) सिंचाईको अवस्था

क्र.सं.	विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	सिंचाईको अवस्था	• परापूर्व काल देखि चल्दै आएको कुलोबाट सिंचाई गर्ने गरिएको ।	• १ कि.मि. पक्की ठाडो खोला सिंचाई मुल कुलो निर्माण गरिएको । • ७०० मिटर अन्य सिंचाई पक्की कुलो निर्माण गरिएको । • ६ वटा सिंचाई कुलो मर्मत संभार गरिएको ।

(ज) खानेपानी निर्माणको अवस्था

क्र.सं.	खानेपानी योजनाको नाम	वडा नं.	निर्माण सम्पन्न भएको खानेपानी धारा संख्या	निर्माणाधिन खानेपानी धारा संख्या	लाभान्वित घरधुरी
१	वडा कार्यालय क्षेत्र खानेपानी निर्माण	२	४०	–	४०
२	वडा स्तरीय खानेपानी निर्माण	२	–	२०	१००
जम्मा			४०	२०	१४०

(झ) वडामा निर्माण भएका अन्य भौतिक पूर्वाधारहरु

- जाल्पा देवी मन्दिर जाने सिंढी निर्माण १५० मिटर
- तर्सो बाटो माथिल्लो टोल सिंढी निर्माण २५० मिटर
- खर्काधारा तेर्सो बाटो सिंढी निर्माण २५० मिटर
- तपचुलो पर्यटकीय क्षेत्र सिंढी निर्माण १५० मिटर
- तपचुली पर्यटन क्षेत्र चिया वृक्षारोपण १५०० बिरुवा लगाइएको ।
- तपचुली पर्यटन क्षेत्र पोखरी निर्माण
- सुमारे टोल देवीथान खानेपानी ढुङ्गेधारा निर्माण
- तपचुली पर्यटन क्षेत्र ३ कि.मि. विद्युत लाइन विस्तार

मेलम्ची नगरपालिका वडा नं. २ तपचुलीमा निर्माण गरिएको शौचालय र सामुदायिक भवन

मेलम्ची नगरपालिका वडा नं. २ तपचुलीमा निर्माण गरिएको पोखरी

३.१३ वडा नं. ३ को परिचय

सिन्धुपाल्चोक जिल्लाको पश्चिम क्षेत्रमा अवस्थित मेलम्ची नगरपालिका वडा नं. ३ (साविक हैबुङ गाविस) शिवपुरी राष्ट्रिय निकुञ्जसंग जोडिएको छ । समुन्द्री सतह देखि २१०० मिटर उचाइको हाराहारीमा रहेको यस वडा १४.५३ वर्ग कि.मि.क्षेत्रफ़लमा फैलिएको छ । यस वडाको पूर्वमा मेलम्ची नगरपालिका वडा नं. २ र ५, पश्चिममा शिवपुरी राष्ट्रिय निकुञ्ज र नुवाकोट जिल्लाको शिवपुरी गाउँपालिका वडा नं. १ को तलाखु, उत्तरमा नुवाकोट जिल्ला शिवपुरी गाउँपालिका वडा नं.१ तलाखु र मेलम्ची नगरपालिका वडा नं. ४ थकनी, दक्षिणमा मेलम्ची नगरपालिका वडा नं. २ र शिवपुरी राष्ट्रिय निकुञ्ज पर्दछ । जिल्लाको सदरमुकाम चौताराबाट १३ कोषको दुरीमा अवस्थित यस वडा नं. ३ हैबुङ धार्मिक, सांस्कृतिक एवं पर्यटकीय दृष्टिकोणले अन्यन्त महत्वपूर्ण स्थानको रुपमा रहेको छ । यस वडामा हिउँ पर्ने लेक देखि बेसीसम्मको भूगोल रहेको छ । हिलेभन्ज्याङ, ओखेनी डाँडा (प्रकृति रिसोर्ट), ट्राउट फर्म, धाप, चिसापानी, पाटीभन्ज्याङ लगायतका धारमिक एवं पर्यटकीय महत्वका धरोहरहरु रहेका छन् । तामाङ, गुरुङ समुदायको बाहुल्यत रहेको यस वडामा बाहुन क्षेत्री, दामई, कामी तथा अन्य जातजातीको मिश्रित बसोवास रहेको छ । यस वडामा अधिकांश बौद्ध धर्म र केही मिश्रित रुपमा हिन्दु धर्म मान्ने मानिसहरु रहेका छन् ।

३.१४ वडा नं. ३ को नक्शा

३.१५ वडा नं. ३ को भूगोल तथा जनसंख्या सम्बन्धी विवरण

वडाको क्षेत्रफल	वडाको केन्द्र	वडाको जनसंख्या (जनगणना २०६८)		वडाको जम्मा घरधुरी
		महिला	पूरुष	
१४.५३ वर्ग कि.मि.	हैबुङ	१३१०	११७४	५७६

३.१६ वडा नं. ३ को जातजाती, धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी विवरण

क्र.स.	विवरण	नाम
१	वडामा बसोबास गर्ने जातजातिहरु	तामाङ, गुरुङ, क्षेत्री, ब्राह्मण, दलित, दमाई, कामी, गिरी, मगर
२	वडामा बसोबास गर्ने मानिसहरुले मान्ने धर्म	बौध धर्म, हिन्दु धर्म, क्रिश्चियन धर्म
३	वडामा रहेको मठ मन्दिर, गुम्बा	कालिका देवी मन्दिर सेल्बोन, भूमे मन्दिर, लोकेश्वरी माहदेब मन्दिर, देविस्थान मन्दिर, हैबुङ भुमेस्थान मन्दिर, सम्तेन साङ्ग गुम्बा ।
४	वडामा रहेको पर्यटकीय स्थलहरु	हिलेभन्ज्याङ, ओखेनीडाँडा, प्रकृति रिसोर्ट, ट्राउट फर्म, धाप चिसापानी, पाटी भञ्ज्याङ्ग ।
५	वडामा रहेको गडी भन्ज्याङहरु ,	पाटीभन्ज्याङ हिलेभन्ज्याङ ,
६	वडामा सन्चालित होमस्टे तथा ठुला होटलहरु,	प्रकृति रिसोर्ट, धाप, कटेज एण्ड भ्यू प्वान्ट होटल, प्रकृति रिसोर्ट, धाप कटेज एण्ड भ्यू प्वाइन्ट, ट्रउट भिलेज रिसोर्ट, मनकामना, होटल चिसापानी, Hotal Shangbola, Dorje Lakpa Hotal, होटेल हिमालयन भिष्टा ।

३.१७ वडा नं. ३ को भौतिक पूर्वाधार, स्वास्थ्य, शैक्षिक, वित्तिय अवस्था

क्र.स.	भौतिक संरचनाको विवरण	हालको अवस्था	संख्या
१	वडा कार्यालय भवन	पक्कि वडा कार्यालय भवन निर्माणाधिन अवस्थामा रहेको	१
२	स्वास्थ्य चौकी	भएको	१
३	विद्यालय मा.वि.	श्री हैबुङ महादेव स्थान मा.वि.	१
४	आ.वि.	श्री कालिका शरण आ.वि. र श्री थुङ्गे डाँडा आ.वि.	२
५	बाल विकास केन्द्र	श्री हैबुङ महादेवस्थान मा.वि., कालिका शरण आ.वि. र श्री थुङ्गे डाँडा आ.वि.	३
६	बैंक तथा वितिय संस्था	मानुसी लघु वित्त वित्तीय संस्था, मुनाल सामुदायिक कृषि सहकारी संस्था लि., हैबुङ महिला बचत तथा ऋण सहकारी संस्था लि.	३

३.१८ वडा नं. ३ को विकास पूर्वाधार पाँच वर्ष पहिला र अहिले

(क) भौतिक पूर्वाधार विकास (शिक्षा)

क स.	विद्यालयको विवरण	पाँच वर्ष पहिला	अहिलेको अवस्था
१	कालिका शरण आ.वि.	कच्ची भवन भएको, कक्षाकोठाको अभाव ।	नयाँ पक्की भवन निर्माण भएको ।
२	हैबुङ मादेब स्थान मा.वि.	कच्ची भवन भएको, कक्षाकोठाको अभाव ।	सुबिधा सम्पन्न भएको पक्कि भवन निर्माण ।
३	थुङ्गे डाडा आ.वि.	कच्ची भवन भएको, कक्षाकोठाको अभाव ।	नयाँ भवन निर्माण भएको

(ख) भौतिक पूर्वाधार विकास (स्वास्थ्य)

क.स.	स्वास्थ्य संस्थाको विवरण	पाँच वर्ष पहिला	अहिलेको अवस्था
१	हैबुङ स्वास्थ्य चौकी	• पक्की स्वास्थ्य चौकी भवन भएको • खानेपानी र शौचालायाको सुबिधा भएको ।	• हाल अस्थायी भवन निर्माण भई व्यवस्थित भएको ।

(ग) भौतिक पूर्वाधार खानेपानी तथा सरसफाई

क्रस.	विवरण	पाँच वर्ष पहिला	अहिलेको अवस्था
१	खानेपानी तथा सरसफाइको अवस्था	• खाने पानी सुबिधा सबै टोल टोल भएको, • सार्वजनिक तथा सबै घरहरुमा शौचालय नभएको ।	• खाने पानि सुबिधा सबै टोल टोल भएको । • सार्वजनिक तथा सबै घरहरुमा शौचालय निर्माण भएको ।

(घ) भौतिक पूर्वाधार विकास (सडक)

क्र.स.	विवरण	पाँच वर्ष पहिला	अहिलेको अवस्था
१	सडकको अवस्था	• मूल सडक समेत कच्ची मात्र भएको, • कच्ची सडक निर्माण भएको तर गाडी चल्ने अवस्था नभएको ।	• हाल १५ कि .मि.ग्राभेल सडक निर्माण भएको • हाल सबै शाखा मोटर बाटोहरुमा हिउदमा गाडी चल्ने अवस्था भएको ।
२	बाह्रै महिना चल्ने सडक	नभएको	• चिया बगान हैबुङ पाटिभन्ज्याङ बाह्रै महिना चल्ने सडक निर्माण गरिएको । • हिउदमा मात्र चल्ने ९ वटा सडक निर्माण गरिएको ।

(ङ) भौतिक पूर्वाधार विकास (भवन)

क्र.स.	विवरण	पाँच वर्ष पहिला	अहिलेको अवस्था
१	वडा कार्यालय भवन	• कच्ची भवनमा संचालन गरिएको, • पक्की वडा कार्यालय भवन नभएको • कर्मचारीलाई काम गर्न पर्याप्त कोठाहरु नभएको ।	• पक्की वडा कार्यालय भवन निर्माणाधिन अवस्थामा रहेको ।

(च) सिंचाईको अवस्था

क्र.स.	विवरण	पाँच वर्ष पहिला	अहिलेको अवस्था
१	सिंचाईको अवस्था	• परापुर्वकाल देखि चल्दै आएको कुलोबाट सिंचाई गर्ने गरिएको ।	• परापुर्वकाल देखि चल्दै आएको सिंचाई कुलोलाई मर्मत सम्भार गरि सिंचाईको व्यवस्था गरिएको ।

मेनपा ३ स्थित खानेपानी धारा र हङ्गेल फाँट सिंचाई कुलो निर्माण



मेनपा ३ स्थित खानेपानी ट्याक्की र सिंढी निर्माण

मेनपा ३ स्थित बोब्राङ चिसापानी पैदल मार्ग र खानेपानी ट्याक्की निर्माण

मेनपा ३ स्थित सोतीखोला सवदाह गृह र गुरुङगाउँ सामुदायिक भवन

३.१९ वडा नं. ४ को परिचय

वि.स. २०७१ साल मंसिर १६ गते नेपाल सरकारको निर्णय बमोजिम साविकका ७ वटा गा.वि.स.हरु सामेल गरि गठित मेलम्ची नगरपालिका राज्यको पुर्न संरचना पश्चात वि.स. २०७३ साल फागुन २६ गते साविकका ४ गा.वि.स.हरु थप भई पुनर्गठन भएकोमा ती मध्ये थकनी गाविस एक हो । १९.१३ वर्ग कि.मि. क्षेत्रफल भएको यस वडामा वि.स. २०६८ सालको राष्ट्रिय जनगणना अनुसार ३४३९ जनसङ्ख्या र ७१८ घरधुरीहरु रहेका छन् । थकनी नेपाल अधिराज्यको बागमती प्रदेश सि.पा. जिल्लाको मेलम्ची नगरपालिकाको पश्चिमी भेगमा अवस्थित वडा हो। यसको पूर्वमा मेलम्ची नगरपालिकाको वडा नं. ५ सिन्धुकोट र वडा न. ६ तालामाराङ, पश्चिममा नुवाकोट जिल्लाको शिवपूरी गाउँपालिकाको वडा नं. १ तलाखु र दुप्चेश्वर गाउँपालिकाको वडा नं.४ बेतेनी, उत्तरमा हेलम्बु गाउँपालिकाको वडा नं.५ महाँकाल र दक्षिणमा मेलम्ची नगरपालिकाको वडा नं.२ जैसिगाउँ र वडा नं.३ हैबुङ रहेको छ । मेलम्ची नगरपालिका वडा नं.४ थकनी हुँदै हेलम्बु, तालामाराङ, पार्टीभञ्ज्याङ, सुन्दरीजल, काठमाडौं, चिसापानी, पार्टीभञ्जयाङ, थकनी, तालामाराङ, हेलम्बु पैदलामार्ग तथा पर्यटकीय मार्ग र गोसाँईकुण्ड दर्शन तथा स्नान गर्ने पैदलामार्ग तथा पर्यटकीय मार्ग यही स्थानबाट रहेको हुनाले यातायातको सुविधा हुनुभन्दा धेरै पहिला देखि तिर्थालुहरु यही थकनीको बाटो हुँदै आवात जावत गर्दथे। यात्रा गर्ने क्रममा थकाई लागेपछि थकनीको बीचमा रहेको बिसौनीमा थकाई मारेर आराम गर्थे, यहि बिसौनीमा थकाई मार्दै आनान्द लिने स्थानको नामबाट यो ठाउँको नाम थकनी रहन गएको इतिहासमा पाइन्छ । यस थकनीबाट जुगल हिमाल, दोर्जे लाक्पा हिमाल र हेलम्बुको रमणीय स्थानहरु अवलोकन गर्न सकिन्छ।

३.२०. ४ नं. वडाको नक्शा



३.२१ वडा नं. ४ को भुगोल तथा जनसंख्या सम्बन्धी विवरण

वडाको क्षेत्रफल	वडाको केन्द्र	वडाको जनसंख्या (जनगणना २०६८)		वडाको जम्मा घरधुरी
		महिला	पूरुष	
१९.१३ वर्ग कि.मि.	थकनी, सि.पा.	१८७६	१५६३	७१८

३.२२ वडा नं. ४ को जातजाती, धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी विवरण

क्र.सं.	विवरण	नाम
१	वडामा बसोबास गर्ने जातजातीहरु	बाह्मण, क्षेत्री, तामाङ, दलित र नेवार
२	वडामा बसोबास गर्ने मानिसहरुले मान्ने धर्म	हिन्दु, बौद्ध र ईसाई
३	वडामा रहेका धार्मिक मठ मन्दिर, गुम्बा र चर्च सम्बन्धी विवरण	धौलेश्वरी मन्दिर, धौले गुम्बा, चण्डेश्वरी मन्दिर, पञ्चकन्य मन्दिर, अर्याल कुलायन मन्दिर, राउत कुलायन मन्दिर
४	वडामा रहेका पुरातात्विक तथा पर्यटकीय स्थलहरु	थानाभञ्ज्याङ गढि, धौले, चिप्लिङ, ओखेनीचौर
५	वडामा रहेका गढी, भङ्ग्याङहरु	-
६	वडामा संचालित होमस्टे तथा ठूला होटलहरु	-

३.२३ वडा नं. ४ को भौतिक पूर्वाधार, स्वास्थ्य, शैक्षिक, वित्तिय अवस्था

क्र.सं.	भौतिक संरचनाको विवरण	हालको अवस्था	संख्या
१	वडा कार्यालय भवन	अस्थायी वडा कार्यालय भवन रहेको तर पक्की वडा कार्यालय निर्माण नभएको ।	-
२	अस्पताल (सरकारी)	नभएको	-
३	स्वास्थ्य चौकी	भएको	१
४	बर्थिङ सेन्टर	भएको	१
५	आयुर्वेद औषधालय	भएको	१
६	उच्च मा.वि	कृष्ण मा.वि	१
७	मा.वि.	ठुलो थकनी मा.वि.	१
८	आ.वि.	थानाभञ्ज्याङ आ.वि., धौलेश्वरी आ.वि., डिही आ.वि., साल्मे आ.वि., चिप्लिङ आ.वि	५
९	बाल विकास केन्द्र	भएको	७
१०	बैंक तथा वित्तिय संस्था	सामुदायिक लघु वित्त र सिभिल लघु वित्त	२

३.२४ वडाको विकास पूर्वाधार पाँच वर्ष पहिला र अहिले

(क) भौतिक पूर्वाधार विकास (शिक्षा)

क्र.सं.	विद्यालयको विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	श्री कृष्ण उच्च मा.वि.	• पक्की भवन नभई कच्ची भवनमा विद्यालय संचालन भएको । • शैक्षिक योजना निर्माण नगरी पठन पाठन भएको ।	• हाल तिन वटा पक्की भवनबाट पठन पाठन गरिएको ।
२	श्री ठुलो थकनी मा.वि.	• पक्की भवन नभई कच्ची भवनमा विद्यालय संचालन भएको । •	• हाल तिन वटा पक्की भवन निर्माण भई पठन पाठन गरिएको ।
३	श्री धौलेश्वरी आ.वि.	• पुरानो जस्ताको छाना भएको कच्ची भवनमा पठन पाठन भएको, शौचालय तथा घेराबार नभएको ।	• नयाँ भवन निर्माण भई पठन पाठन भएको र शौचालय तथा घेराबार निर्माण हुने क्रममा रहेको ।
४	श्री थानाभञ्ज्याङ आ.वि.	• भूकम्प पश्चात टहरामा पठन पाठन भएको ।	• दुई वटा पक्की भवन निर्माण गरी पठन पाठन गरिएको ।
५	श्री डिही आ.वि	• भूकम्प पश्चात टहरामा पठन पाठन भएको ।	• दुई वटा पक्की भवन निर्माण गरी पठन पाठन गरिएको ।
६	श्री साल्मे आ.वि	• भूकम्प पश्चात टहरामा पठन पाठन भएको ।	• दुई वटा पक्की भवन निर्माण गरी पठन पाठन गरिएको ।
७	श्री चिप्लिङ आ.वि	• भूकम्प पश्चात टहरामा पठन पाठन भएको ।	• दुई वटा पक्की भवन निर्माण गरी पठन पाठन गरिएको ।

(ख) भौतिक पूर्वाधार विकास (स्वास्थ्य)

क्र.सं.	स्वास्थ्य संस्थाको विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	थकनी स्वास्थ्य चौकी	• स्वास्थ्य चौकी भवन नभई जीर्ण अवस्थामा रहेको । • खानेपानीको व्यवस्थापन नभएको ।	• नेपाल रेडक्रस बाट सहयोग प्राप्त भइ सेवा सुचारु गरिरहेको। स्वास्थ्य चौकी भवन निर्माणको लागि बजेट बिनियोजन भइ निर्माण प्रक्रिया अगाडि बढेको ।

(ग) भौतिक पूर्वाधार विकास (खानेपानी तथा सरसफाई)

क्र.सं.	विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	खानेपानीको तथा सरसफाईको अवस्था	• ३०० घरधुरीमा मात्र खानेपानीको पहुँच भएको । • सार्वजनिक शौचालय नभएको ।	• ३५० घरधुरीमा एक घर एक धारा खानेपानी निर्माण गरिएको । • खुल्ला दिशा मुक्त वडा घोषणा गरिएको ।

(घ) भौतिक पूर्वाधार विकास (सडक)

क्र.सं.	सडकको विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	सडकको अवस्था	• ३ कि.मि. मात्र ग्राभेल सडक निर्माण गरिएको । • ८० कि.मि. कच्ची सडक निर्माण गरिएको । • पक्की सडक निर्माण नगरिएको ।	• हाल १० कि.मि. ग्राभेल सडक निर्माण गरिएको । • १५० कि.मि. कच्ची सडक निर्माण गरिएको । • १०कि.मि. नयाँ सडक ट्र्याक निर्माण गरिएको ।
२	बाह्रै महिना चल्ने सडक	नभएको	• पिप्ले देखी सुरुङसम्म बाह्रै महिना चल्ने सडक निर्माण गरिएको । • हिउँदमा मात्र चल्ने सडक ३ वटा रहेको ।

(ङ) भौतिक पूर्वाधार विकास (भवन)

क्र.सं.	भवनको विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	वडा कार्यालय भवन	• कच्ची टहरामा संचालन गरिएको । • पक्की वडा कार्यालय भवन नभएको ।	• पक्की वडा कार्यालय भवन निर्माण नभएको । CSRC बाट निर्मित नमूना भवनमा सञ्चलनमा रहेको
२	सामुदायिक भवन	• सामुदायिक भवन निर्माण नगरिएको ।	• हाल सामुदायिक भवन निर्माण नगरिएको ।

(च) जनशक्ति व्यवस्थापन

क्र.सं.	विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	जनशक्ति तथा कर्मचारीको अवस्था	• वडा सचिव कार्यालय, कारयालय सहयोगी र प्राविधिक सहायक (चौथो) गरी जम्मा ३ जना कर्मचारी रहेको ।	• वडा सचिव (सहायकस्तर चौथो) १, असई १, कार्यालय सहयोगी १ र फिल्ड सहायक १ गरी जम्मा ४ जना जनशक्ति रहेको ।

(छ) सिंचाईको अवस्था

क्र.सं.	विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	सिंचाईको अवस्था	• परापूर्व काल देखि चल्दै आएको कुलोबाट सिंचाई गर्ने गरिएको ।	• पिप्ले सिंचाई कुलो मुल सिंचाई कुलो मर्मत गरी सिंचाई गरिएको ।

मेनपा ४ स्थित चिप्लिङ आधारभूत विद्यालयको पर्खाल र निगाले चिहानघाट निर्माण

बसेरी थिङ टोल र बसेरी ब्लोन टोल सामुदायिक भवन

प्रधानमन्त्री रोजगार कार्यक्रमबाट निर्माण गरिएको सिंढी र बाँसखर्क खानेपानी ट्याक्की

३.२५ वडा नं. ५ को परिचय

नेपालको राजधानी काठमाडौंबाट लगभग ४३ कि.मी. उत्तर तर्फ सिन्धुपाल्चोक जिल्लाको पश्चिमी भेग निर्वाचन क्षेत्र नं. २, बागमती प्रदेश (ख) मा अवस्थित मेलम्ची नगरपालिकाको १३ वडाहरु मध्ये एक वडा सिन्धुकोट हो । हाल साविक सिन्धुकोट गाविस मेलम्ची नगरपालिकाको वडा नं. ५ मा पर्दछ। यो वडा भौगोलिक रुपमा रमणीय हुनको साथै यस वडामा ठूल्ठुला डाँडा देखि बेसी तथा टार सम्मका स्थानहरु रहेका छन् । यो वडाको माथिल्लो भेग उत्तर पूर्वी मोहडामा फर्किएको छ भने तल्लो भेग पूर्व दक्षिण मोहडामा फर्किएको छ । सिन्धु र कोट दुई वटा थुम (डाँडा) हरु मिलेर साविक सिन्धुकोट गाविसको नामाकरण गरिएको हो । यस वडामा सुलिकोट घ्याङ, धौले जस्ता महत्वपूर्ण पर्यटकीय स्थानहरु रहेको छन् । ९.६२ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस वडामा विभिन्न जातजाती एवं धर्मावलम्बीहरुको बसोबास रहेको छ ।

३.२६. वडा नं. ५ को नक्शा

३.२७ वडा नं. ५ को भुगोल तथा जनसंख्या सम्बन्धी विवरण

वडाको क्षेत्रफल	वडाको केन्द्र	वडाको जनसंख्या (जनगणना २०६८)		वडाको जम्मा घरधुरी
		महिला	पूरुष	
९.६२ वर्ग कि.मि.	धर्तिका चौर, सिन्धुकोट, सि.पा.	१६३५	१४९०	६२१

३.२८ वडा नं. ५ को जातजाती, धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी विवरण

क्र.सं.	विवरण	नाम
१	वडामा बसोबास गर्ने जातजातीहरु	ब्राह्मण, क्षेत्री, तामाङ, दलित र नेवार
२	वडामा बसोबास गर्ने मानिसहरुले मान्ने धर्म	हिन्दु, बौद्ध र क्रिश्चियन
३	वडामा रहेका धार्मिक मठ मन्दिर, गुम्बा र चर्च सम्बन्धी विवरण	कोटदेबी, भिम्सेनस्थान, कालिकास्थान, तल्लो सुलिकोट भुमेस्थान मन्दिर, भुमेस्थान मठ, तल्लो सुलिकोट घ्याङ, किलकुङ्, जम्दार किलकुङ् र तल्लो सुलिकोट घ्याङ गुम्बा ।
४	वडामा रहेका पुरातात्विक तथा पर्यटकीय स्थलहरु	कोट देब र धौले
५	वडामा रहेका गढी, भङ्ग्याङहरु	मानेङ्ग्यङ
६	वडामा संचालित होमस्टे तथा ठूला होटलहरु	–

३.२९ वडा नं. ५ को भौतिक पूर्वाधार, स्वास्थ्य, शैक्षिक, वित्तिय अवस्था

क्र.सं.	भौतिक संरचनाको विवरण	हालको अवस्था	संख्या
१	वडा कार्यालय भवन	पक्की वडा कार्यालय निर्माण भएको	१
२	स्वास्थ्य चौकी	भएको	१
३	बर्थिङ सेन्टर	भएको	१
४	मा.वि.	श्री सिन्धु पुरानागाउँ मा.बि.	१
५	आ.वि.	भुमेश्वरी आ.बि., कालिका आ.बि., मुसुरे र कालिका आ.बि. ,भिमसेनस्थान	३

३.३० वडा नं. ५ को विकास पूर्वाधार पाँच वर्ष पहिला र अहिले

(क) भौतिक पूर्वाधार विकास (शिक्षा)

क्र.सं.	विद्यालयको विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	श्री सिन्धुपुरानागाउँ मा.वि.	• अस्थायी सिकाई केन्द्र निर्माण गरी कक्षा संचालन गरिएको	• २० वटा कोठा भएको ३ वटा पक्की भवन निर्माण गरी कक्षा १२ सम्म संचालन भएको ।

२	श्री कालिका आ.बि. भिमसेनस्थान	• अस्थायी सिकाई केन्द्र निर्माण गरी कक्षा संचालन गरिएको ।	• १० वटा कोठाको पक्की भवन निर्माण गरी कक्षा ५ सम्म संचालन भएको ।
३	श्री कालिका आ.वि.मुसुरे	• ६ कोठा कच्ची ढुङ्गा माटोको भवनबाट कक्षा ५ सम्म संचालन गरिएको ।	• अस्थायी सिकाई केन्द्र निर्माण गरी कक्षा ३ सम्म संचालन गरिएको ।
४	श्री भुमेश्वरी आ.वि.ढुङ्गेछाप	• कच्ची ढुङ्गा माटोको भवनमा २ वटा कोठा रहेको ।	• ४ वटा कक्षा कोठाको अस्थायी सिकाई केन्द्र निर्माण ३ कक्षा सम्म संचालन गरिएको ।

(ख) भौतिक पूर्वाधार विकास (स्वास्थ्य)

क्र.सं.	स्वास्थ्य संस्थाको विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	सिन्धुकोट स्वास्थ्य चौकी	• भुकम्प पछि टेन्टमा संचालन गरिएको।	• ११ कोठाको पक्की भवन निर्माण भएको र हाल नयाँ स्वास्थ्य चौकी भवन निर्माणाधिन अवस्थामा रहेको ।

(ग) भौतिक पूर्वाधार विकास (खानेपानी तथा सरसफाई)

क्र.सं.	विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	खानेपानीको तथा सरसफाईको अवस्था	• सामुहिक धारा र कुवा पंधेरोबाट खानेपानीको व्यवस्थापन हुँदै आएको । • खाल्डे चर्पी भएको ।	• एक घर एक धारा कार्यक्रम अन्तर्गत १९० वटा खानापानी धारा निर्माण सम्पन्न भई १९० घरघुरीले खानेपानी प्रयोग गरेको । • पौडेलगाउँ, खतिवडा गाउँ, पल्लो माझी गाउँको ढुङ्गे छाप खा.पा. -भिमल डाँडा, तिल खोरिया, टार खा.पा.-सुलिकोट, तल्लो घ्याङ्ग खा.पा. योजनामा हाल ७७ वटा खानेपानी धारा निर्माणाधिन अवस्थामा रहेको । • सबै घरमा स्थायी शौचालय निर्माण भई खुल्ला दिशा मुक्त वडा घोषणा गरिएको । • अन्य सार्वजनिक खानेपानी धाराहरु विभिन्न संघ संस्थाबाट निर्माण भएको छ ।

(घ) भौतिक पूर्वाधार विकास (सडक)

क्र.सं.	सडकको विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	सडकको अवस्था	• ग्राभेल सडक नभको । • सबै बस्ती, टोलमा वडाको साखा सडक निर्माण नभएको ।	• हाल ७ कि.मि. ग्राभेल सडक निर्माण गरिएको । • सबै बस्ती, टोलमा कच्ची मोटर बाटो निर्माण भएको ।
२	बाह्रै महिना चल्ने सडक	नभएको	• भर्दौरे देखि धुसेनीसम्म बाह्रै महिना गाडी चल्ने सडक निर्माण भएको ।

(ङ) भौतिक पूर्वाधार विकास (भवन)

क्र.सं.	भवनको विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	वडा कार्यालय भवन	• कच्ची सामुदायिक भवनमा ढुङ्गा माटोको १ कोठेमा संचालन भई आएको ।	• ८ कोठे दुई तले पक्की वडा कार्यालय भवन निर्माण सम्पन्न गरिएको ।
२	सामुदायिक भवन	• सामुदायिक भवन नभएको ।	• गा.स.स बाट सामुदायिक भवन निर्माण निर्माण गरिएको ।

(च) जनशक्ति व्यवस्थापन

क्र.सं.	विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	जनशक्ति तथा कर्मचारीको अवस्था	सहायकस्तर चौथो १ जना मात्र रहेको ।	• सहायकस्तर चौथो १, प्राबिधिक असई १ र कार्यालय सहयोगी १ जना गरी ३ जनाको जनशक्ति रहेको ।

(छ) सिंचाईको अवस्था

क्र.सं.	विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	सिंचाईको अवस्था	• परापूर्व काल देखि चल्दै आएको कुलोबाट सिंचाई गर्ने गरिएको ।	मिल कुलो सिंचाई, भर्दौरे मुल सिंचाई कुलो निर्माण र हाल निर्माणाधि धुसेनी खोला ड्यापारेचौर टार सिंचाई र कालिरुम्टी सिंचाई योजना भएको ।

कालिका आ.वि. मुसुरे विद्यालय भवन र पुरानो कालिका आ.वि. भिमेस्थान

मेनपा ५ स्थित निर्माणाधिन गुम्बा र निर्माण सम्पन्न खानेपानी ट्यात्की

निर्माणाधिन कोटदेवी मन्दिर र स्वास्थ्य क्लिनिक भवन

मेनपा ५ स्थित दुग्ध चिस्यान केन्द्र र शौचालय

मेलम्ची न.पा. वडा नं. ५ मा निर्माण भएको झो.पु र निर्माणाधिन गुम्बा

३.३१. वडा नं. ६ को परिचय

साविक तालामाराङ गाउँ विकास समितिको नामबाट संचालनमा रहेको यो गाविस राज्यको संघीय पुनर्संरचना पश्चात मेलम्ची नगरपालिका ६ नं. वडा कार्यालयको रुपमा रहेको छ ।यो वडा पूर्वमा मेलम्ची नदी, पश्चिममा मेलम्ची न.पा वडा नं. ४ ओखेनी, उत्तरमा तालामाराङ खोला र दक्षिणमा मेलम्ची न.पा वडा नं.११ को नुहारखोलासंग सिमाना जोडिएको छ ।

यस वडामा परापूर्व काल देखि आदिवासीको रुपमा तामाङ जातीहरुको बसोबास रहेको र कुनै एक जना तामाङको सुकैं सुर्काको बारी रहेको र उक्त सुर्का बारीमा रोपेको पिंडालु गोड्न जाँदा कुनै एक जना मान्छेले कता जान लागेको भनि प्रश्न गर्दा उक्त तामाङले तायाम्राङ (ताया भनेको पिंडालु र म्राङ भनेको खोरिया बारी) भनि जवाफ दिएको हुँदा उक्त खोरिया बारीमा पिंडालु रोपेको हुँदा उक्त तायाम्राङ शब्द अपभ्रंश भई तालामाराङ नाम रहन गएको ईतिहास रहेको पाइन्छ ।

यो वडा भौगोलिक हिसाबले उच्च पहाडी क्षेत्र देखि तल्लो बेसीं फाँटसम्म फैलिएर रहेको छ । यस वडामा ब्राम्हण, क्षेत्री, तामाङ, दलित, गिरी, नेवार लगायतका जानजातीहरुको बसोबास रहेको छ ।

३.३२. वडा नं. ६ को नक्शा

३.३३ वडा नं. ६ को भुगोल तथा जनसंख्या सम्बन्धी विवरण

वडाको क्षेत्रफल	वडाको केन्द्र	वडाको जनसंख्या (जनगणना २०६८)		वडाको जम्मा घरधुरी
		महिला	पूरुष	
१२.७१ वर्ग कि.मि.	चाँपाबोट तालामाराङ, सि.पा.	१६५४	१४८७	७१४

३.३४ वडा नं. ६ को जातजाती, धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी विवरण :

क्र.सं.	विवरण	नाम
१	वडामा बसोबास गर्ने जातजातीहरु	ब्राम्हण, क्षेत्री, तामाङ, मगर, बि.क., नपाली, सार्की, नेवार, गिरी आदि ।
२	वडामा बसोबास गर्ने मानिसहरुले मान्ने धर्म	हिन्दु, बौद्ध र क्रिश्चियन
३	वडामा रहेका धार्मिक मठ मन्दिर, गुम्बा र चर्च सम्बन्धी विवरण	धौलश्वरी महादेव मन्दिर, कोलेचौर कृष्ण मन्दिर, ढुङ्गाना गाउँ शिव मन्दिर, पञ्चकन्या गौखुरेश्वर महादेव मन्दिर, भुमेस्थान मन्दिर, बतासे देवीस्थान मन्दिर, ज्याङछुप छोर्तेन माने, धौले घ्याङ ।
४	वडामा रहेका पुरातात्विक तथा पर्यटकीय स्थलहरु	धौले
५	वडामा रहेका गढी, भङ्ग्याङहरू	-
६	वडामा संचालित होमस्टे तथा ठूला होटलहरू	–

३.३५ वडा नं. ६ को भौतिक पूर्वाधार, स्वास्थ्य, शैक्षिक, वित्तिय अवस्था

क्र.सं.	भौतिक संरचनाको विवरण	हालको अवस्था	संख्या
१	वडा कार्यालय भवन	मेनपा ६ चाँपाबोटमा एक तले पक्की भवन र तालामाराङ बजारमा ४ कोठे ट्रस भवन निर्माण भएको ।	२
२	बर्थिङ सेन्टर	भएको	१
३	अन्य निजी मेडिकल/पोलिक्लिनिक	फार्मेसी	१
५	भेटेरिनरी औषधि पसल	भएको	२
६	मा.वि.	सामुदायिक	२
७	आ.वि.	भएको	४
८	बाल विकास केन्द्र	भएको	६
९	बाल गृह	टिम नेपालबाट संचालन भएको एक र फ्रेण्स् अफ हिमालयन चिल्ड्रेनबाट संचालन भएको एक	२

३.३६ वडा नं. ६ को विकास पूर्वाधार पाँच वर्ष पहिला र अहिले

(क) भौतिक पूर्वाधार विकास (शिक्षा)

क्र.सं.	विद्यालयको विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	तेर्से मा.वि.	• भूकम्पबाट विद्यालय भवन पूर्ण रुपमा नष्ट भएको । • अस्थाइ सिकाई केन्द्र मार्फत पठन पाठन गरिएको ।	• कारितास स्वीजरल्याण्ड र नेपाल सरकारको सहयोगमा छात्रावास सहितको पक्की भवन निर्माण गरिएको । • खानेपानी, शौचालय निर्माण भएको । • पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर कक्षा संचालन भएको । मेलम्ची बाढी पश्चात मेलम्ची नदीमा प्लम्प वाल निर्माण गरि विद्यालय संरक्षण गरिएको ।
		• भूकम्पबाट विद्यालय भवन पूर्ण रुपमा नष्ट भएको । • अस्थाइ सिकाई केन्द्र मार्फत पठन पाठन गरिएको ।	• कारितास स्वीजरल्याण्ड र नेपाल सरकारको सहयोगमा छात्रावास सहितको पक्की भवन निर्माण गरिएको । • खानेपानी, शौचालय निर्माण भएको । • पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर कक्षा संचालन भएको ।
३	श्री जागेश्वरी आ.वि.	• भूकम्पबाट विद्यालय भवन पूर्ण रुपमा नष्ट भएको । • अस्थाइ सिकाई केन्द्र मार्फत पठन पाठन गरिएको ।	• कारितास स्वीजरल्याण्ड र नेपाल सरकारको सहयोगमा पक्की भवन निर्माण गरिएको । • खानेपानी, शौचालय निर्माण भएको । • विद्यालय भवन घेराबार गरिएको • पुस्तकालय, कम्प्युटर कक्षा संचालन भएको ।
४	श्री सूर्योदय आ.वि.	• भूकम्पबाट विद्यालय भवन पूर्ण रुपमा नष्ट भएको । • अस्थाइ सिकाई केन्द्र मार्फत पठन पाठन गरिएको ।	• कारितास स्वीजरल्याण्ड र नेपाल सरकारको सहयोगमा पक्की भवन निर्माण गरिएको । • खानेपानी, शौचालय निर्माण भएको । • विद्यालय भवन घेराबार गरिएको । • पुस्तकालय, कम्प्युटर कक्षा संचालन भएको ।

५	श्री पञ्चकन्या आ.वि.	• भूकम्पबाट विद्यालय भवन पूर्ण रुपमा नष्ट भएको । • अस्थाइ सिकाई केन्द्र मार्फत पठन पाठन गरिएको ।	• कारितास स्वीजरल्याण्ड र नेपाल सरकारको सहयोगमा पक्की भवन निर्माण गरिएको । • खानेपानी, शौचालय निर्माण भएको । • विद्यालय भवन घेराबार गरिएको । • पुस्तकालय, कम्प्युटर कक्षा संचालन भएको ।
६	श्री कोलेचौर आ.वि.	• भूकम्पबाट विद्यालय भवन पूर्ण रुपमा नष्ट भएको । • अस्थाइ सिकाई केन्द्र मार्फत पठन पाठन गरिएको ।	• कारितास स्वीजरल्याण्ड र नेपाल सरकारको सहयोगमा पक्की भवन निर्माण गरिएको । • खानेपानी, शौचालय निर्माण भएको । • विद्यालय भवन घेराबार गरिएको । • पुस्तकालय, कम्प्युटर कक्षा संचालन भएको ।

(ख) भौतिक पूर्वाधार विकास (स्वास्थ्य)

क्र.सं.	स्वास्थ्य संस्थाको विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	तालामाराङ स्वास्थ्य चौकी	• भूकम्पबाट स्वास्थ्य चौकी भवन पूर्ण रुपमा नष्ट भएको । • अस्थायी टहरो निर्माण गरी स्वास्थ्य सेवा प्रदान गरिएको ।	• युन.डि.पी.कार्यक्रमबाट अस्थायी ट्रस भवन निर्माण गरिएको । • पुनर्निर्माण प्राधिकरण र नगरपालिकाको समन्वयमा पक्की एक तले भवन निर्माणाधिन अवस्थामा रहेको । • बर्थिङ सेन्टर संचालन गरिएको ।

(ग) भौतिक पूर्वाधार विकास (खानेपानी तथा सरसफाई)

क्र.सं.	विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	खानेपानीको तथा सरसफाईको अवस्था	• टोलस्तरमा सामुहिक खानेपानी धारा, प्राकृतिक कुवा, खानेपानी मुलबाट खानेपानीको व्यवस्थापन भएको । • खुला दिशामुक्त वडा घोषणा गरिएको ।	• एक घर एक धारा कार्यक्रम अन्तर्गत विभिन्न संघ संस्था, संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट ६१५ घरधुरीमा खानेपानी व्यवस्थापन गरिएको र २७७ वटा खानेपानी धाराहरु निर्माणाधिन अवस्थामा रहेको ।

			• यस आ.व.सम्म वडाका बाँकी सम्पूर्ण घरधुरीमा खानेपानी निर्माणाधिन अवस्थामा रहेको । • सबै घरधुरीमा शौचालय निर्माण गरिएको ।

(घ) भौतिक पूर्वाधार विकास (सडक, सिंचाई)

क्र.सं.	सडकको विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	सडकको अवस्था	• हेलम्बु राजमार्ग अन्तर्गत तालामाराङ खण्डमा मात्र बाह्रै महिना यातायात संचालन भएको । • तालामाराङ ढुङ्गानाबेसी मानेभञ्ज्याङ बतासे सडक, नेपाने पञ्चकन्या धुसेनी सडक, तालामाराङ कोलेचौर चाँपाबोट गरी तीन वटा सडकको मात्र कच्ची सडक ट्र्याक निर्माण भएको ।	• तालामाराङ ढुङ्गानाबेसी मानेभञ्ज्याङ बतासे सडक, नेपाने पञ्चकन्या धुसेनी सडक, तालामाराङ कोलेचौर चाँपाबोट गरी तीन वटा सडकमा बाह्रै महिना यातायात संचालन भएको । • वडाका सबै बस्तीहरुमा सडक ट्र्याक निर्माण गरिएको । • मुख्य सडकहरुमा नाली, ग्याबिन, सोलिङ र ग्राभेल गरिएको । • वडाका मुख्य सडकहरुको स्तरोन्नती गरिएको ।
२	सिंचाईको अवस्था	• भूकम्पबाट सिंचाई कुलाहरु जिर्ण भएको ।	• नेपाल सरकार र विभिन्न संघ संस्थाको सहयोगमा ७ वटा पक्की सिंचाई कुलो निर्माण गरि करिव २२०० रोपनी क्षेत्रमा सिंचाई पुर्याइएको ।

(ङ) भौतिक पूर्वाधार विकास (भवन)

क्र.सं.	भवनको विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	वडा कार्यालय भवन	• तालामाराङ स्थित अस्थायी ट्रस भवन निर्माण भई सो भवनबाट सेवा प्रवाह भएको । • मेनपा ६ चाँपाबोटमा भूकम्पबाट जिर्ण भएको एक तले पक्की भवन रहेको ।	• तालामाराङमा अस्थायी ४ कोठे ट्रस भवन निर्माण गरिएको । • मेनपा ६ चाँपाबोटमा एक तले पक्की वडा कार्यालय भवनको स्तरोन्नती गरिएको ।
२	सामुदायिक भवन	• वडामा कुनैपनि सामुदायिक भवन निर्माण नभएको ।	• वडामा ९ वटा सामुदायिक भवन निर्माण गरिएको ।

			• ४ वटा प्रतिक्षालय निर्माण गरिएको । • २ वटा चौतारी निर्माण गरिएको ।

(च) खानेपानी निर्माणको अवस्था

क्र.सं.	खानेपानी योजनाको नाम	वडा नं.	निर्माण सम्पन्न भएको खानेपानी धारा संख्या	निर्माणाधिन खानेपानी धारा संख्या	लाभान्वित घरधुरी
१	बतासे डाँडाटोल खानेपानी योजना	६	३८	–	३८
२	घ्याङगेप गैरीटोल खानेपानी योजना	६	८५	–	८५
३	द्वारे टोल खानेपानी योजना	६	१८	–	१८
४	कोतेटोल पाराङटोल खानेपानी योजना	६	–	४६	४६
५	तल्लो पाराङटोल खानेपानी योजना	६	१८	–	१८
६	पँधेरी खोला पसलेडाँडा खानेपानी योजना	६	१०५	–	१०५
७	नखते घट्टे पाखा खानेपानी योजना	६	२०	–	२०
८	नेपाने खानेपानी योजना	६	८७	–	८७
९	उपल्लो गाउँ खानेपानी योजना	६	८३	–	८३
१०	डुँडेटार खानेपानी योजना	६	६५	–	६५
११	निग्लेनी माझगाउँ तल्लोगाउँ खानेपानी योजना	६	९६	–	९६
१२	लामाटोल भुमेस्थान द्वारेटोल खानेपानी योजना	६	–	३२	३२
१३	कोलेचौर कामीटोल प्वाँरेटोल खानेपानी योजना	६	–	८३	८३
१४	पञ्चकन्या खानेपानी योजना	६	–	८६	८६
१५	ढुङ्गाना बेसी खानेपानी योजना	६	–	३०	३०
जम्मा			६१५	२७७	८९२

(छ) जनशक्ति व्यवस्थापन

क्र.सं.	विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	जनशक्ति तथा कर्मचारीको अवस्था	• गाविस सचिव १ जना, प्राविधिक सहायक १ जना र कार्यालय सहयोगी १ जना गरी जम्मा ३ जना जनशक्ति रहेको ।	• सहायकस्तर पाँचौं १, सहायकस्तर चौथो १, असई १ र कार्यालय सहयोगी १ गरी ४ जना जनशक्ति रहेको ।

मेनपा ६ स्थित ढुङ्गानागाउँ शिवमन्दिर र चाँपाबोट प्रतिक्षालय

मेनपा ६ माझगाउँमा निर्माण गरिएको ज्याङ छ्युम छोर्तेन माने र चाँपाबोट चौतारी

मेनपा ६ मा निर्माण भएको सडक ढलान

मेनपा ६ स्थित तेर्से माध्यमिक विद्यालय संरक्षणका लागि मेलम्ची नदीमा नगरपालिकाबाट निर्माण गरिएको प्लम्प वाल

३.३७ वडा नं ७ को परिचय

वि.सं. २०७१ साल मंसिर १६ गते नेपाल सरकारको निर्णय बमोजिम साविकका ७ गाविस सामेल गरी गठित मेलम्ची नगरपालिका राज्यको पुर्नसंरचना पश्चात वि.सं. २०७३ साल फागुन २६ गते साविकका ४ गा.वि.स.हरु थप भई पुनर्गठन भएकोमा ती मध्ये दुवाचौर गा.वि.स एक हो । साविक दुवाचौर गा.वि.सको ९ वटा वडाहरूमध्ये १, २, ३, ४, ५ र ६ समावेश गरी हालको मेलम्ची नगरपालिकाको ७ नं. वडा गठन भएको हो । यो वडा १२.९२ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ ।

दुवाचौरको नाम र इतिहासका बारेमा स्थानीय अग्रज व्यक्तिहरुको भनाई फरक फरक रहेको छ । स्थानीय वुद्धिजीवी तथा बूढापाकाहरुको भनाई अनुसार परापूर्वकालमा यहाँ एउटा कागले चुच्चोमा औषधि च्यापेर यस ठाँउमा ल्याएको थियो र त्यस कागले त्यो औषधि खाएर यस ठाउँमा रहेको दुबोमा चुच्चाले पुछेको कारणले यस ठाँउलाई दुवाचौर भनिएको हो भने अर्का थरीको भनाईलाई आधार मान्दा यस ठाउँमा परापूर्वकालमा ठूलो दुवै दुबो भएको चौर थियो, त्यही चौरको नामबाट दुवाचौर नामाकरण गरिएको हो भन्ने भनाई छ । हाल आएर मानिसको जनसंख्याको चापले गर्दा त्यस दुवो भएको चौर मासिँदै गई सानो भएको भएता पनि पहिला ठूलो दुबोको चौर भएकै कारण दुवाचौर नामकरण गरिएको भन्ने विश्वास रही आएको छ।

नेपालको राजधानी काठमाडौंबाट उत्तर पूर्वमा पर्ने बागमती प्रदेश अन्तर्गत रहेको सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ मा पर्ने मेलम्ची नगरपालिकाका १३ वटा वडाहरू मध्ये ७ नं. वडा पनि एक हो । यस वडाको पूर्वमा मेलम्ची नगरपालिका वडा नं. ९, पश्चिममा हेलम्बु गाउँपालिका र मेलम्ची नगरपालिका वडा नं. ६, उत्तरमा हेलम्बु गाउँपालिका र मेलम्ची नगरपालिका वडा नं. ८ र दक्षिणमा मेलम्ची नगरपालिका वडा नं. ११ रहेको छ । भौगोलिक हिसावले मनोरम यस वडामा न्यानो समशीतोष्ण हावापानी पाइन्छ । यहाँको वेंसी तथा तल्लो भू-भागको तापक्रम हिउँदमा ५ डिग्री सेण्टिग्रेड सम्म ओर्लन्छ भने गृष्मकालमा ३५ डिग्री सेण्टिग्रेड सम्म पुग्ने गर्दछ । जसले गर्दा यहाँ धान, मकै, गहुँ तथा तरकारी उत्पादनको लागि उपयुक्त स्थान मानिन्छ । पर्यटकीय नगरीको रुपमा विकासको सम्भावना रहेको यस वडाबाट जुगल हिमालको दृश्य अवलोकन गर्न सकिन्छ । यहाँ तामाङ, ब्राह्मण, सन्यासी, नेवार, कामी, दमाई र घले गरी मिश्रीत जातजातिहरुको बसोबास भएतापनि विकास निर्माणको कार्यमा सबै जातजाति एकजुटका साथ अघि बढेको पाईन्छ । यस वडाका मानिसहरुको प्रमुख पेशा कृषि हो। यसका अलावा नोकरी, व्यापार, दुग्ध व्यवसाय, नगदे वाली तर्फ मौसमी र बेमौसमी हावापानी अनुसारको खेती गर्ने चलन रहेको छ ।

३.३८ वडा नं. ७ को नक्शा



३.३९ वडा नं. ७ को भुगोल तथा जनसंख्या सम्बन्धी विवरण

वडाको क्षेत्रफल	वडाको केन्द्र	वडाको जनसंख्या (जनगणना २०६८)		वडाको जम्मा घरधुरी
		महिला	पूरुष	
१२.९२ वर्ग कि.मि.	दुवाचौर, सि.पा.	२९४०	२७७३	१३७५

द्रष्टव्य: साविक दुवाचौर गाविसको जनसंख्या र घरधुरी समावेश गरिएको ।

३.४० वडा नं. ७ को जातजाती, धार्मिक, सांस्कृतिक तथा पर्यटन सम्बन्धी विवरण

क्र.सं.	विवरण	नाम
१	वडामा बसोबास गर्ने जातजातीहरु	तामाङ, सन्यासी, नेवार, ब्राम्हण, कामी, दमाई, क्षेत्री, घले
२	वडामा बसोबास गर्ने मानिसहरुले मान्ने धर्म	हिन्दु, बौद्ध र ईसाई
३	वडामा रहेका धार्मिक मठ मन्दिर, गुम्बा र चर्च सम्बन्धी विवरण	गोल्मेश्वरी शीव मन्दिर, भुपेश्वर मन्दिर, कालिका देवी मन्दिर, पञ्चकन्या मन्दिर, सुन्दरी देवी मन्दिर, जलेपा देवी मन्दिर, गोल्माथान मन्दिर, भिमसेन मन्दिर, भैरवी देवी मन्दिर, बुजना देवी मन्दिर, तेरमाने सुनखानी मन्दिर, तेरमाने छाप, तेरमाने सेल्ले, तेरमाने ताप्रासा, तेरमाने बालुवा
४	वडामा रहेका पुरातात्विक तथा पर्यटकीय स्थलहरु	सेल्ले पोखरे, विचारी चौर
५	वडामा रहेका गढी, भङ्ग्याङहरु	पोखरे भङ्ग्याङ
६	वडामा संचालित होमस्टे तथा ठूला होटलहरु	पोखरे भङ्ग्याङ होटल र दुवाचौर अर्गानिक होटल एण्ड रिसोर्ट

३.४१ वडा नं. ७ को भौतिक पूर्वाधार, स्वास्थ्य, शैक्षिक, वित्तिय अवस्था

क्र.सं.	भौतिक संरचनाको विवरण	हालको अवस्था	संख्या
१	वडा कार्यालय भवन	पक्की वडा कार्यालय निर्माण नभएको	१
२	स्वास्थ्य चौकी	भएको	१
३	बर्थिङ सेन्टर	भएको	१
४	उच्च मा.वि	श्री बालसुधार उ.मा.वि.	१
५	मा.वि.	श्री बालसुधार मा.वि.	१
६	आ.वि.	श्री ज्योती भङ्ग्याङ आ.वि., श्री प्रज्ञा आ.वि.	२
७	बाल विकास केन्द्र	श्री जुगल बालविकास केन्द्र	१
८	निजी विद्यालय	श्री जुगल हिमाल अंग्रेजी विद्यालय	१

३.४२ वडा नं. ७ को विकास पूर्वाधार पाँच वर्ष पहिला र अहिले

(क) भौतिक पूर्वाधार विकास (शिक्षा)

क्र.सं.	विद्यालयको विवरण	पाँच वर्ष पहिलाको अवस्था	अहिलेको अवस्था
१	श्री बालसुधार मा.वि.	• भूकम्पले गर्दा भवन क्षतिग्रस्त भई भत्केको हुनाले व्यक्तिगत जग्गामा ३ वर्ष सम्म भाडामा लिई टि.एल.सि. निर्माण गरी कक्षा १-१२ सम्म पठनपाठन गर्नु परेको । • फर्निचर अभाव भएकाले विद्यार्थीलाई बस्ने व्यवस्था नभएको । • पुस्तकालय, विज्ञान तथा कम्प्यूटर प्रयोगशालाको अभाव । • घेरावार तथा शौचालयको व्यवस्था नभएकोले अतिरिक्त क्रियाकलाप गर्न नसकिने स्थिति सिर्जना भएको ।	• स्वीजरल्याण्ड देशको सहयोगमा कारीतास संस्थाले पक्कि भवन ढलान सहित ९ कोठा र भुईतल्ला भवन ८ कोठाको भवन निर्माण भएको । • ८ कोठा भुईतल्ला भवनलाई चाहिने क्षे.फ.३-६-०-० जग्गा अभिभावकहरुसँग र विद्यालयबाट बचेको रकम रु. २०,२५,०००।०० (बीस लाख पच्चिस हजार) मा खरिद गरिएको । • पुस्तकालयको व्यवस्था भएको, प्रदेश सरकारको सहयोगमा विज्ञान प्रयोगशालाको व्यवस्था, मेलम्ची नगरपालिकाको सहयोगमा ICT कार्यक्रम विनियोजित भई कम्प्युटर प्रोजेक्टर खरिद गरी कम्प्युटर कक्षा संचालन गरिएको । • हेल्भेटास संस्थाको सहयोगमा छात्र छात्रा मैत्री शौचालय तथा ट्याङ्की निर्माण गरी २ वटा खानेपानी धारा संचालनमा आएको , घेरावार र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत २ कोठे भवन निर्माणाधिन अवस्थामा रहेको । • मेलम्ची नगरपालिकाबाट ५ रोपनी जग्गा वडा कार्यालयको नाममा खरिद गरी विद्यालयलाई अतिरिक्त क्रियाकलाप संचालन गर्न तथा खेलकुद मैदान उपलब्ध गराएको । • कक्षा १-८ सम्म दिवा खाजा कार्यक्रमको व्यवस्था भई कक्षा १-१२ सम्म स्वच्छ वातावरणमा पठनपाठन भएको ।
२	श्री ज्योती भन्ज्याङ आ.वि.	• भूकम्पले गर्दा भवन क्षतिग्रस्त भई भत्केको हुनाले व्यक्तिगत जग्गामा ३ बर्षसम्म भाडामा लिई टि.एल.सि. निर्माण गरी कक्षा १-८ सम्म पठनपाठन गर्नु परेको । • फर्निचर अभाव भएकाले विद्यार्थीलाई बस्ने व्यवस्था नभएको ।	• स्वीजरल्याण्ड देशको सहयोगमा कारीतास संस्थाले भुईतल्लामा ९ कोठे भवन र शौचालय निर्माण भएको । • हेल्भेटास संस्थाको सहयोगमा खानेपानी ट्यांङ्की तथा धारा निर्माण गरिदिएको । • मेलम्ची नगरपालिकाको सहयोगमा घेरावार पर्खाल निर्माण भएको ।

		• पुस्तकालय, विज्ञान तथा कम्प्यूटर प्रयोगशालाको अभाव । • घेरावार तथा शौचालयको व्यवस्था नभएकोले अतिरिक्त क्रियाकलाप गर्न नसकिने स्थिति सिर्जना भएको ।	• कक्षा १-५ सम्म दिवा खाजा कार्यक्रमको व्यवस्था भएको । • कम्प्यूटर ल्यापटपको व्यवस्था भएको । • आ.वि, नि.मा.वि तहको शिक्षकको दरबन्दी नभएकाले २०७६ सालमा कक्षा ६-८ सम्मको छात्र छात्रालाई पठनपाठन गर्न बालसुधार माविमा गाभी हाल कक्षा १-५ सम्म पठनपाठन भई रहेको ।
